वर्ष : १६, अंक : ३३, काठमाडौं, २०७७ मंसिर १९ गते शुक्रबार, 4 December 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००।- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४९, ९८०८९२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

'सर्वसत्तावादी चरित्र हावी हुँदै'

जनकपुरधाम । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले जनतालाे बलिदानीबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त गर्ने दिवा स्वप्न नदेख्न चेतावनी दिएका छन् । मङ्गलबार गौडामा आयोजित गौडा मजार सौन्दर्यीकरण योजनाको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले वर्तमान संघीय सरकारमा संघीय लोकतान्त्रिक गणतन्त्रको भावना विपरित सङ्घीयता विरोधी, स्वेच्छाचारी र सर्वसत्तावादी चरित्र हावी हुँदै गएको आरोप लगाए । सशस्त्र विद्रोह, जनआन्दोलन र मधेश विद्रोहबाट पनास्त भै सकेका शक्तिहरु संग गोचाँचन्दी गर्दै नेकपा नेतृत्वको सरकारले संघीयतालाई समाप्त गर्ने षड्यन्त्र गरिरहेको उल्लेख गर्दै अध्यक्ष यादवले त्यस्ता दृष्टा गन्हेर आफै समाप्त हुने चेतावनी समेत दिएका छन् । त्यस्ता शक्ति विरुद्ध परिवर्तन पक्षधर शक्तिहरुलाई एकजुट हुन आह्वान गर्दै अध्यक्ष यादवले जनतालाई समेत सचेत हुन आग्रह गरेका हुन् । उनले भने, 'यो २०७७ साल होइन, २०७७ हो । अहिले जनता सचेत र सगठित छन, सघीयता र गणतन्त्र समाप्त गर्न चाहने शक्तिलाई जनताले समाप्त गरि दिने छन् । जनता समाजवादी पार्टी जनताको अधिकारको रक्षाको निमित्त सदैत सघर्षमा रहेल उल्लेख गर्दै अध्यक्ष यादवले जनताको बलिदानी बाट प्राप्त लोकतन्त्रलाई जसपाले कुनै पनि हालतमा समाप्त हुन नदिने प्रतिबद्धता समेत व्यक्त गरे ।

संघीय सरकारविरुद्ध सर्वोच्चमा

काठमाडौं । प्रदेश नम्बर २ सरकारले संघ सरकारविरुद्ध सर्वोच्च अदालतमा पेरि महा दर्ता गराएको छ । आफ्नाहरुको अधिकार हनन गर्ने गरी संघ सरकारले सिंचाई सम्बन्धित कार्यक्रम त्याग्काेले सर्वोच्चमा मुद्दा दिइएको प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले जानकारी दिए । प्रदेश सरकारको तर्फबाट मन्त्री सोनलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, भूमिगत जलस्रोत तथा सिंचाई विभाग, समुद्र तराई मधेश सिंचाई विशेष कार्यक्रम माथि रिट दायर गरेका छन् । भूमिगत सिंचाई कार्यक्रम तथा जल उपयोग र व्यवस्थापन हाल सञ्चालनको अनुसूची-५ बमोजिम प्रदेशमा समायोजन भई सञ्चालन हुँदै आएको छ । सधैं पुरा गर्न नसकेका त्यस्तै तथा डीए टुङ्गोकाे निर्माण सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकारले गर्दै आइरहेको अवस्थामा बिना कुनै जानकारी र समन्वयमा महतत्वका मन्त्रालय र विभागले सचिव स्तरको निर्णयको आधारमा सामान्यतर कार्यक्रम त्याग्को हो । संघ सरकारको भूमिगत जलस्रोत विकास समितिले कार्तिक २१ गते र समुद्र तराई मधेश सिंचाई विशेष कार्यक्रमले कार्तिक २४ गते आह्वान गरेको खेपपत्रले प्रदेश सरकारको अधिकार खेम्दा हस्तक्षेप भएको भन्दै मन्त्री सोनल सर्वोच्च अदालत पुगेका हुन् । रिटउपर मंसिर २६ गतेका लागि पेशी तोकिएको छ ।

त्रिपालको घुम्टोभित्रै हराएको 'रेल सपना'

सञ्चालनको टुङ्गो छैन, एक पछि अर्को भारवा नाघ्दै

मधेशवाणी डेस्क

काठमाडौं । 'आगामी ५ वर्षमा पूर्व-पश्चिम राजमार्ग, पूर्वपश्चिम औद्योगिक करिडोर राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्गसहका समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिने छ । त्यसैगरी यसै अर्थावधा रसुवागढी-काठमाण्डौ-बीरगञ्जमा तीव्रगतिको विद्युतीय रेलमार्ग सञ्चालन गरिने छ ।' प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४मा तत्कालीन एमाले र तत्कालीन नेकपा माओवादीको साझा घोषणा पत्रमा उल्लेख गरिएको एउटा बुंदा हो यो ।

पहिलो पटक प्रधानमन्त्री हुंदा पटक पटक रेल सेवा सञ्चालनमा ल्याउने भाषण गरेका प्रधानमन्त्री केपी ओलीको चुनावी घोषणा पत्रमै रेल सञ्चालनमा ल्याउने उल्लेख भएपछि सर्वसाधारणले विश्वास नगर्ने कुरा भएन । रेल सेवा सञ्चालनमा ल्याएरै छाड्ने ओलीको सपना रहेको पत्याएरै सर्वसाधारणले उनको पाटीलाई दुई तिहाइको बहुमतले जिताए । ओली प्रधानमन्त्री भए । प्रधानमन्त्री भइसकेको साढे दुई वर्ष भन्दा बढी समय बितिसक्दा ओली नेतृत्वको सरकारले रेल चलाएर सर्वसाधारणको मन जित्ने सकेको छैन । तर सरकारले गत असोज २ गते भारतबाट किनेर भएर्पनि रेल त ल्यायो तर उक्त रेल अहिलेसम्म सञ्चालनमा आएको छैन । रेलको रुमानी सपना देखाएका प्रधानमन्त्री ओली नेतृत्वको सरकारको यथार्थ त्यही विपालको घुम्टोभित्रै हराएको छ ।

सन् २०१९ को मेमा ८४ करोड ६५ लाख रुपैयाँमा भारतको सरकारी कम्पनी कोंकण रेल्वे कर्पोरेसनसँग २ वटा रेल किन्ने सम्झौता भएको थियो । भन्सार र मूल्य अभिवृद्धि कर तिर्दासम्म दुई रेलबापत १ अर्ब ३ करोड रुपैयाँ खर्च भएकाे छ । घोषणा पत्रमा भनिए अनुसार मुलुकका चारैतिरबाट रेल ल्याउने कुरा त ओली सरकारका लागि परको कुरा हो । नेपाल ल्याएसकेको रेल नियमित सञ्चालन गर्न पनि सरकारले सकिरहेको छैन ।

करिब एक अर्ब रुपैयाँ लागतमा ल्याएको रेल नियमित सञ्चालन गर्न नसक्दा थन्किएको छ । भारतको जयनगरबाट जनकपुरको कुर्थासम्म सञ्चालन गर्ने भनेर ल्याइएको रेल अहिले जयनगर-जनकपुर रेलमार्गको धनुषास्थित इनर्वा स्टेशन पाल ओढेर थन्किएको छ ।

असोज १ र २ गते निकै प्रचार र तामझामका साथ ल्याइएको रेल हेर्न जनकपुरको रेलवे स्टेशनमा सर्वसाधारणको भीड लागेको थियो । कोरोनाको महामारीको प्रवाह नगरी जनकपुर रेल्वे स्टेशनमा भारतबाट आएको रेल हेर्नेको भीड थामिनसक्नु थियो । तर अहिले रेल सञ्चालनमा नआएपछि रेलका पार्टपुर्जा बिग्रिने पो हुन् कि भन्ने चिन्ता पनि सर्वसाधारणलाई भइरहेको छ । जनशक्तिको व्यवस्था नगरी हचुवाको भरमा रेल ल्याउँलाको परिणामका बारे सरकार बेखबर बनेको छ ।

आवश्यक जनशक्ति लगायतका पूर्वाधार नेपालसँग नभएपछि रेल थन्क्याउनु परेको रेल विभागको भनाइ छ । यद्यपि रेलवे कम्पनी र विभागले रेल सञ्चालनका लागि जनशक्ति व्यवस्थापन कार्य अगाडी बढाए पनि त्यसको के कति प्रगति भएको त्यसबारे विभाग आफै जानकार छैन । मुलुकको लागि आवश्यकता भए पनि सम्भाव्यता अध्ययन, प्राविधिक जटिलता र अर्थराजनीतिक प्रभाव ख्याल नगरी पर्याप्त तयारी र जनशक्तिबिनै सीमा वरपर रेल चलाउने सरकारी चाहना अन्तोलमा छ ।

जयनगरदेखि जनकपुरको कुर्थासम्म रेल गुडाउन आवश्यक सम्पूर्ण पूर्वाधारहरु करिब-करिब तयारी अवस्थामा छ । पुरानो 'न्यारो गेज ट्रयाक विस्थापित गरेर 'ब्रोडगेज ट्रयाक मा आधुनिक रेल सञ्चालन गर्ने योजना छ । यति भइसक्दा पनि रेल चल्ने मिति यकिन भएको छैन । सम्बन्धित निकायले कहिले दुई महिनापछि, कहिले चार महिनापछि त कहिले विवाह पञ्चमीमा रेल सञ्चालन निश्चित रहेको भन्दै आवश्वासन बाँडदै आइरहेका छन् ।

पछिल्लो वर्षकै विवाह पञ्चमीमा रेलमार्ग सञ्चालन गर्ने चर्चा चलेको थियो । कतिपय जिम्मेवार अधिकारीहरुले नै प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विवाह पञ्चमीको अवसर पारेर रेलमार्ग उद्घाटन गर्ने दावी पनि गरे । मोदीले नभएर उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले रेलमार्ग उद्घाटन गर्ने चर्चा पनि चलेको थियो ।

विवाह पञ्चमी सकिएको एक वर्ष पुरन लागिसक्यो । यस वर्षको विवाह पञ्चमी आउन केही दिनमात्र बाँकी छ । तर रेलमार्ग सञ्चालन हुने कुनै सम्भावना देखिएको छैन । विभागीय मन्त्रीदेखि सम्बद्ध अधिकारीहरुको आश्वासन भुटो साबित हुँदै गएपछि रेल चल्ने वा नचल्ने विषयमा शंका उत्पन्न हुन थालेको छ ।

वि.सं. १९९४ मा जनकपुर-जयनगर रेलमार्ग सञ्चालनमा आएको थियो । भारतमा शासन गरिरहेको तत्कालीन ब्रिटिस सरकार र नेपाल सरकारबीच भएको सम्झौताअनुसार जयनगरदेखि महोत्तरीको विजलपुरासम्म रेल सञ्चालन गरिएको थियो त्यतिबेला । नेपालका तत्कालीन कमाण्डर इन चिफ पद्म शमशेरले विवाह पञ्चमीकै दिन रेलको उद्घाटन गरेका थिए । सम्भवत: यसै कारण नयां निर्माण भएको ब्रोडगेज रेल पनि विवाहपञ्चमीकै अवसर पारेर सञ्चालन हुन सक्ने अपेक्षा धेरैले गरेका थिए र छन् पनि ।

एक हजारदेखि १२ सय सिट क्षमता भएका दुईवटा रेल भारतले नेपेम्वर महिनामा हस्तान्तरण गरेलगतै सञ्चालनमा आउने भनिएको थियो । अन्योल बढ्न थालेपछि संघीय सरकार र सम्बन्धित विभागीय मन्त्रीकै कारण रेल सञ्चालनमा ढिलाइ

बाँकी पृष्ठ २ मा

सरकारले भारतबाट किनेको रेल त्रिपालमुनी ।

अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचेयर

अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरुलाई ह्वीलचेयरसहित विभिन्न सामग्रीहरु वितरण समारोह । समाचार तथा फोटोफिचर अन्तिम पृष्ठमा

मधेश समृद्ध कसरी हुन्छ ?

जासर यादव

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ । म आफ्नो डा.सीकै राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ । मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरु उदाए उनीहरुले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरु नै दिएका थिए । तर वास्तवमा उनीहरुले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें । त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ । मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें । मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ ।

आज मधेशका उर्वर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु । अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

मैले दैनिक रुपमा ४०-५० जनाको हराहारीमा काम दिएको छु । उहाँहरुलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु । यो निमुखा जनताहरु हाम्रै मधेशका दलितहरु हुन् । उहाँहरु मध्ये धेरै जना सुकुम्बासीहरु छन् । उहाँहरुलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु । आज उहाँहरुको सुखदुःख को साथि मैले नै बनेको छु । बाचा गर्ने नेताहरु त एक चोटि उहाँहरुको

बाँकी पृष्ठ २ मा

सम्पादकीय

नेकपाको कचिङ्गल

सत्तारूढ नेकपाभित्रको आन्तरिक विवादबाट राजनीतिक बजार अहिले तरंगित छ । अध्यक्षद्वयका बीच देखिएको असमझदारी सतहमा आएको पछि पार्टी भित्रको विवाद भन् छताछुल्ल भएकोछ । संसदीय शासन प्रणाली अवलम्बन गरी साम्यवादी सिद्धान्त र आदर्शलाई आफ्नो गन्तव्य मानेर राजनीति गर्दै करिब दुईतिहाइको बहुमत संसदमा आर्जन गरेको नेकपाको विवादले देशको राजनीति दिशालाई नै बदल्न सक्ने देखिएको छ ।

नेकपाको आन्तरिक टकराव र विवादे वर्तमान सरकार आफ्नो ऐतिहासिक र स्वर्णिम अवसरको सदुपयोग गर्न चुकिरहेको छ । नेकपा र सरकारले नै ऐतिहासिक अवसरको सदुपयोग गर्न सक्नुपर्ने थियो तर दल र सरकारबीचको असमझदारी र विशेषगरी अध्यक्षद्वयबीचको व्यक्तिगत टकरावले सरकार सञ्चालन र दललाई प्रभावकारी बनाउने विषयमा अवरोध सिर्जना भएको छ ।

यो घरझगडा कुनै सिद्धान्त र आदर्श वा नीतिगत द्वन्द्वका कारण सिर्जना भएको देखिँदैन, व्यक्तिगत अभीष्ट नै यसको प्रमुख कारण हो । आफ्नै दलभित्र प्रधानमन्त्रीले प्रतिपक्षको सामना गर्नुपरिरहेको स्थितिले समेत यही प्रमाणित गरेको छ, किनकि जिम्मेवार नेताहरू दलभित्र भएका निर्णयको स्वामित्व नलिई, स्वेच्छिकप्रकारले आफ्ना विचारहरूको सम्प्रेषण गर्दै आएका छन् ।

अहिलेको विवाद दलभित्रका शीर्षस्थ नेतृत्वमा रहनेहरूको व्यक्तिगत

दलभित्रको यो आन्तरिक विवादले विभाजनको अवस्था सिर्जना हुने शंका पनि गरिएको छ । तर, दल विभाजनको अवस्थासम्म नपुग्न सक्छ । यसका पछाडि केही कारणहरू छन् ।

महत्वाङ्काक्षासँग सम्बन्धित छ । आमनागरिकलाई यस विषयमा सरोकार रहँदैन । निर्वाचनमा गरेका प्रतिबद्धतालाई व्यवहारमा लागू भएको हेर्ने चाहना नागरिकको हो । त्यसैले प्रधानमन्त्री र दलले आफ्ना असहमतिका विषयमा छलफल गर्दा जनताप्रतिको जवाफदेहितालाई मध्यनजर गर्नु जरूरी छ, किनकि अबको दुई वर्षपश्चात् हुने आमनिर्वाचनमा जनतासमक्ष सबै नेताहरू आफ्नो दलको सरकारले गरेका उपलब्धिसहित प्रस्तुत हुनुपर्नेछ । त्यसैले व्यक्तिगत एजेन्डालाई सबै नेताहरूले परित्याग गर्दा अहिलेको विवादको समाधान निस्कनेछ ।

आमनिर्वाचनमा अत्यन्त आकर्षक नाराहरू दिएर सरकार गठन गरेको यस दलले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन, जनता प्रतीक्षारत छन् । दलभित्रको यो आन्तरिक विवादले विभाजनको अवस्था सिर्जना हुने शंका पनि गरिएको छ । तर, दल विभाजनको अवस्थासम्म नपुग्न सक्छ । यसका पछाडि केही कारणहरू छन् । यो दल एक भएको नभई अथवा माओवादी केन्द्र एमालेमा विलय भएको नभई, दलीय मोर्चा बनेको आभास भइराखेको छ । पूर्वमाओवादी र पूर्वएमालेबीचको दलभित्र स्पष्ट छ ।

नेकपाभित्र स्पष्ट रूपमा गुट र उपगुटहरू देखिएका छन् । यो अवस्था लोकतन्त्र, देश र नेतृत्व तहमा रहनेहरू सबैका लागि हितकर नबन्नेमा सन्देह रहँदैन । पार्टी विभाजन हुने अवस्था सिर्जना हुनु भनेको ठूलो दुर्भाग्य हुनेछ । यसबाट देशको लोकतन्त्र र समग्र राजनीतिक पद्धति नै सङ्टमा पर्छ । राष्ट्रियस्तरमा अस्तित्वमा रहेका दलहरू सबल र प्रभावकारी हुँदा मात्र लोकतन्त्रको विकास अपेक्षित रूपमा हुनेछ । यसतर्फ देशमा राजनीति गर्नेहरू विशेष गम्भीर हुनु आवश्यक छ ।

शक्तिशाली सरकार विरुद्धको आन्दोलन

विचार-विश्लेषण भाग-७५

उपेन्द्र झा

भिन्न-भिन्न समस्याबाट पीडित मानिसहरु एकमुष्ट रुपमा आन्दोलनमा होमिएपछि मधेशमा आँप झार्न सिपालु ओलीले यसरी आन्दोलनलाई चर्काएर लाने सम्भावना बढी छ । सामन्ती चरित्र, जिद्दी संस्कार र उच्च महत्वाकाँक्षाबाट प्रेरित ओलीको व्यवहार नेपाली राजनीति अनुकूल नरहेको मानिसले बुझिसकेका छन् ।

"सत्तीको श्राप लागेको देश"कति सान्दर्भिक उक्ति ! जहिले पनि सटिक उदाहरण दिन मिल्ने । अहिले नेपाली राजनीतिको चिन्तनीय दुरवस्थामा त झन् महत्वपूर्ण उदाहरणको रुपमा यसको प्रयोग नगरि लेखको औचित्य नै हराउँछ । "सत्तीको श्राप लागेको देश" लाई ओलीको शक्तिशाली सरकारले घटनाको सत्यतालाई पुष्टि गरिदिएको छ । श्रापको अगाडि शक्तिको के जोर ?

देशमा केपी शर्मा ओलीको शक्तिशाली विशालकाय सरकार रहेको अवस्थामा भ्रष्टाचार चरमोत्कर्षमा पुगेको कुरालाई समय समयमा बुद्धिजीवीहरुले लेखमार्फत भ्रष्टाचारका विभिन्न घटनालाई औल्याउदै आउँदा पनि सरकारको कुनै चासो नदेखिदा यसले हरेक क्षेत्रलाई प्रभावित गर्दै देशमा तीनै तहमा आर्थिक अनियमितताको बजार नै देखापर्‍यो । हत्या, हिंसा, व्यभिचार, दुराचार, बालिका बलात्कार र हत्या, एसिड छ्यापने जघन्य अपराध, हरेक वस्तुको कालाबजारी, महँगी, वस्तुको कृत्रिम अभाव आदि अनेक जनविरोधी घटनाहरुबाट राजनीतिक अराजकतामा जनताले लामो समयदेखि सरकारको अनुभूति गर्न सकेको छैन ।

देशमा व्याप्त कोरोनाको कहर, ९ महिनादेखि लकडाउनमा परेर ठूला साना व्यवसाय सबै ठप्प भएको, भोकमरीको भयावह अवस्थामा बैंकको कडा ताकेता, परिवार पाल्न धौधौ रहेको अवस्थामा महँगाईको मार, शिक्षा, स्वास्थ्यको झेल्नु पर्ने आदि अनेकन समस्यामा परेको जनताले सरकारबाट कुनै राहत नपाएर जन असन्तोष बढ्नु स्वाभाविक हो । असन्तुष्ट रहेका अहिले देशभरिका मानिस सडक प्रदर्शनमा उत्रेका छन् । "राजा आउ देश बचाऊ" को नारा घन्काउँदै देशका भिन्न भिन्न शहरमा राष्ट्रिय झण्डा उचाल्दै हजारौको संख्यामा मानिस आन्दोलनमा उत्रेका छन् ।

यता सरकारको दरबारबाट शहंशाहले देशभरिका प्रशासनिक निकायलाई गाथगादी ताक्ने अराष्ट्रिय तत्व पुनरुत्थानबादीलाई नियन्त्रण गर्न उर्दी समेत जारी गरेको छ । बजीरले पनि जनतालाई "जति भोक लागे पनि गोबर नखाउ, बरु २२औं शताब्दिमा राहुल साँकृत्यायनले कल्पना गरेको विभेदरहित संसार एउटै परिवार हुने कालसम्म पर्खु" भनेर अर्ती उपदेश दिएका छन् । एउटा दिवालमा टाउको ठोक्किए मानिस विपरीत दिशातिर जानु स्वाभाविक हो । एउटाले गरेन, अर्कोले गर्छ कि ? भन्ने विश्वास लिएर आन्दोलन जागेको हो ।

७४ वर्षको नेपाली कंग्रेस र ७१ वर्षको नेपाल कम्युनिष्ट पार्टीले न साम्यवाद न समाजवाद बुझ्न सक्यो । यी बूढा पार्टीहरुले ती दुईवटै दर्शन त कण्ठस्थ गर्न सकेन तर कसैले नसिकाएको स्वार्थबादको दर्शन भने आद्योपान्तयाद गर्‍यो । कमाए परिवारको पेट पाल्ने गरिब निमुखा जनतालाई सामन्तबाद, समाजबाद, साम्यवादसँग के मतलब ? उसको सरोकारको वस्तु होइन ।

सरकारको निकम्मापनबाट अवसरविहीन अवस्थामा रहेको जनतालाई अहिले रोजगारी चाहिएको छ । होइन भने राहतको आवश्यकता छ । भोके पेट भएका असन्तुष्ट जमातले कुनै दर्शन बुझ्दैन । प्रगतिशील दर्शन शास्त्रीहरुले जनताको दुख बुझेन भने वैकल्पिक शक्तिलाई गुहार लगाउनु स्वाभाविक हो । त्यही गुहार आन्दोलनको रुपमा प्रस्फुटित भएको हो ।

तर धरातलीय यथार्थ फरक छ । समस्याको चरम अवस्थामा मानिसलाई मृत्युबाहेक अब कुनै विकल्प देखिएको छैन । भोकमरीमा परि आत्महत्या गर्ने क्रम जारी रहँदा पनि जिम्मेवार पक्षमा मानवताको कुनै संकेत देखिएन । भोकभोकै मर्न दिन्न भनेर दिनहुं स्याल कराएको त सुनिन्छ तर मर्ने क्रम रोकिएको छैन । समाजमा उदाहरणका लागि बचेका मानवतावादी, समाजसेवीहरुले भोकभोकै रहेका नेपाली नागरिकलाई टुँडिखेलमा भात खुवाउँदा शहंशाहको इज्जत जाने डरले ती सबै भोका नाँझा लखेटिएका छन् । शहंशाहको इज्जत अगाडी ती भोकानाँझाको के महत्व ? शहंशालाई जिताउन राष्ट्रवादीहरुले दिएको एकमुष्ट मत पानीमा गएको अनुभव गर्दै होलान् । क्षमतावन्ता बढी शक्ति प्राप्त भएपछि मदोन्मत्त मानिस निष्क्रिय हुने कुरा राष्ट्रवादीहरुले बुझेका छैनन् क्यारे !

देशका बुद्धिजीवीहरुले सरकार दायित्वविहीन भए देशमा अनैतिक प्रवृत्ति शासन प्रणालीमा हावी भएको, राजनीतिक अराजकता बढिरहेको आदि कुरा गर्दा "हाथी चले बजार कुत्ता लगे हजार" जस्तै सरकारले कुनै वास्ता नगरि हिंडेपछि ट्रान्सपेरेन्सी इन्टरनेशनलले एशियाका ५७ वटा देशमा भ्रष्टाचार सम्बन्धी मत सर्वेक्षण गरि "ग्लोबल करप्सन बैरोमीटर एशिया-२०२० को प्रतिवेदन सार्वजनिक गर्‍यो । त्यसमा ५८ प्रतिशत मत लिएर भ्रष्टाचारमा नेपाल पहिलो स्थानमा रहेको देखाएको छ ।

प्रतिवेदनअनुसार ८४% नेपाली जनताले भ्रष्टाचार नेपालको प्रमुख समस्या हो भनेका छन् । राष्ट्रपति र प्रधानमन्त्रीकै संरक्षणमा भ्रष्टाचार बढेको ५०% जनताको मत रहेको छ । ४३% जनताले सांसद र सरकारी अधिकारी तथा स्थानीय अधिकारी भ्रष्ट रहेको भनेका छन् । भ्रष्टाचार सम्बन्धी विभिन्न प्रकरणका आरोपित व्यक्तिको सार्वजनिक रुपमा प्रतिरक्षा गर्दै देखिनु भएको प्रधानमन्त्री केपी शर्मा ओलीको निष्ठामाथि ट्रान्सपेरेन्सी इन्टरनेशनले प्रतिवेदनमार्फत गम्भीर प्रश्न उठाएको छ । विगतमा पनि ट्रान्सपेरेन्सी इन्टरनेशनलले सांसद, कर्मचारी, मन्त्री, न्यायालय, सुरक्षा प्रहरी, सेना लगायतको प्रतिशत तोकेरै भ्रष्टाचारको प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यो बेला पनि केपी शर्मा ओली नै प्रधानमन्त्री थिए ।

प्रधानमन्त्रीका कारण नेपालको मान प्रतिष्ठा विश्वभरमा बदनाम भएको कुरा चारैतिरबाट उठ्दा केपी शर्मा ओलीले यो मिथ्या आरोप लगाइएको प्रतिक्रिया दिएको छ । ट्रान्सपेरेन्सी इन्टरनेशनलको प्रतिवेदन सत्यतथ्यको आधारमा नरहेको प्रतिक्रियाले देश सामान्य अवस्थामा रहेको ओलीको बुझाई छ । अहंकारको अगाडी दुर्योधनलाई पनि आफ्नो विनाश देखिएको थिएन । केपी शर्मा ओलीले त्यही अवस्था प्राप्त गरेको छ ।

चीनसँगको अन्तर्राष्ट्रिय सम्बन्ध बनाउन, भारतलाई चुनौती दिएर नेपालको गौरव बढाउन, चुनावमा अप्रत्याशित सफलता पाएर नेपालको ऐतिहासिक दुई तिहाईको सरकार बनाउन, नेपाली कंग्रेसलाई धुलो पीठो बनाएर प्रतिपक्षमा राख्न सफल प्रधानमन्त्री केपी शर्मा ओलीको महत्वाकांक्षा संविधानभन्दा पनि माथि गएबाट नेपालमा समस्या बढ्न थालेको हो । आफूलाई शक्तिकेन्द्रको रुपमा स्थापित गर्ने प्रयास, स्वेच्छाचारी निरंकुश शासकको रुपमा रुपान्तरण गर्ने चाहनाले यत्रतत्र समस्याहरु देखिन थालियो । गुठी विधेयक, मीडिया विधेयकको हंगामा सर्वविदित नै छ । स्वेच्छाचारिताको प्रयोगले नेकपाभित्र भीषण अन्तरसंघर्ष चर्केको छ । चरमोत्कर्षमा रहेको नेकपाको अन्तरसंघर्षका कारक तत्व ओली मात्र हुन् । सगरमाथा जस्तो उँचाई प्राप्त गरेको ओलीको महत्वाकांक्षा र सोहीअनुसार शहंशाहको रवाफबाट आहत आफ्नै सहकर्मीले ओलीको स्वेच्छाचारी व्यवहारलाई औल्याउँदा परशुराम जस्तै अन द स्पट श्राप दिने ओलीको व्यवहारबाट नेकपा मात्र होइन, नेपाली कंग्रेस, जसपा लगायत सबै राजनीतिक दलहरु असन्तुष्ट देखिन्छन् । जनता त विरोधमा आन्दोलित नै छन् । पार्टीभित्र ओली अल्पमतमा परेको कुरा सार्वजनिक हुँदा त सबै छक्क पर्न थालेका छन् ।

भारतसँग सम्बन्ध सुधार्ने बहानामा ओली आत्मसमर्पण गरेको आफ्नै सहकर्मीहरुको आरोप छ । ओली कसैलाई जानकारी नदिई रअ प्रमुख सामन्तकुमार गोयलसँग गोप्य वार्ताबाट सहकर्मी चिढिएका छन् । ओलीको आत्म समर्पणबाट चीन पनि चिन्तामा परेको छ । चीनको प्रभावबाट नेपाललाई बाहिर निकाल्ने भारतको चिन्ता र नेपाललाई चीरकालीन प्रभावमा राखि राख्ने चीनको चासोबीच अहिले ओलीका कारण टकराहट शुरु भएको छ । यो घटनाले चीनको विश्वासमा ठूलो धक्का लागेको छ । चीनियाँ राजदूत यान्छीको दौडधूप त्यही चिन्ताको कारण भएको हो ।

भारतसँगको सम्बन्ध सुधार्नु आवश्यक रहेको ठान्ने राजनीतिकमीहरुले ओलीको भेट गर्ने तरिकामा प्रश्न उठाएका छन् । तर ओलीको सोच र चरित्र फरक रहेकोले उनलाई यस्ता आलोचनासँग मतलब हुँदैन । उनले जे सोच्यो, त्यही गर्‍यो । प्रचण्डले क्षमायाचना गरेर भने पार्टी फोडि दिने कुरा भनिएकै हो । उधारोको जीवनलाई आफ्नै पाराले प्रयोग गर्ने उनको जिद्दी चरित्रलाई सुधार्न कठीन छ ।

ओली सरकारको निष्क्रियताका कारण देशमा विद्यमान रहेको समस्यासँगै जन्माइएका समस्याहरु समेत अहिले आन्दोलनको रुपमा मुखरित भएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको सङ्टामा संवैधानिक राजतन्त्र सहितको हिन्दु राष्ट्र नेपाल चाहिन्छ भन्ने आन्दोलकारीको आक्रमणबाट संघीय लोकतान्त्रिक गणतन्त्रलाई कसले बचाउने ? संघीयताको विरुद्ध सबै एकमत रहँदा आन्दोलनको सत्ताधारी पक्ष पनि मतियार नै रहने भएपछि नेपालमा ठूलो राजनीतिक दुर्घटना आउने सम्भावना प्रबल देखिएको छ । हिन्दु राष्ट्र र संवैधानिक राजतन्त्र वर्तमान संविधानको खारेजी पछि नै आउने हो ।

भिन्न-भिन्न समस्याबाट पीडित मानिसहरु एकमुष्ट रुपमा आन्दोलनमा होमिएपछि मधेशमा आँप झार्न सिपालु ओलीले यसरी आन्दोलनलाई चर्काएर लाने सम्भावना बढी छ । सामन्ती चरित्र, जिद्दी संस्कार र उच्च महत्वाकांक्षाबाट प्रेरित ओलीको व्यवहार नेपाली राजनीति अनुकूल नरहेको मानिसले बुझिसकेका छन् । आफ्नो गुटबाहेक कसैको कुरा नसुन्ने र गुटको कुरा पनि नसुन्ने बरु आफ्नो कुरा सुनाएर समर्थन हासिल गर्ने बानी निश्चय पनि राजनेताको हुनु हुँदैन । शक्तिशाली सरकारको निकियताबाट विरोधमा जन्मेको आन्दोलन परालको आगो हो कि काठको धुनि, समयले बताउँला । नेपालको राजनीतिक धरातल ओलीको विरुद्धमा रहेको यथार्थलाई ओलीले स्वीकार गर्न सक्ला ?

janukjha24@gmail.com

त्रिपालको...

भएको आरोप लगाउन थालेका छन् । रेल सञ्चालनमा 'प्रदेश सरकारको कुनै भूमिका छैन । सम्पूर्ण अधिकार संघीय सरकारमा छ । रेलमार्ग सञ्चालनमा संघीय सरकार किन छिलाइ गरेको बारे प्रदेश २ सरकार पनि बेखबर छ ।

नेपाल-भारत विकास साझेदारीअनुसार भारतीय वित्तीय अनुदानमा ३४ किलोमिटर लामो जयनगर-कुर्था बोडगेज रेलमार्ग निर्माण गरिएको छ । कुर्था-जनकपुर-जयनगर रेलमार्गको पुरानो न्यारो गेजलाई विस्थापित गरी बोडगेजको रुपमा विस्तार गरिएको हो । यसैगरी कुर्थादेखि महोत्तरीको बिजलपुरासम्म पनि रेलमार्ग निर्माण कार्य भइरहेको छ । सन् २०१४ देखि रेलमार्ग निर्माण भएपछि जनकपुर-जयनगर रेल सेवा बिगत ५ वर्षदेखि बन्द अवस्थामा छ ।

न कानुन, न जनशक्ति

नेपालमा रेल त आयो तर भारतीय चालक, प्राविधिक र अन्य जनशक्तिको साथमा । कुर्थासम्म ३५ किलोमिटर ट्रयाक निर्माण सकिएको दुई वर्षपछि मात्रै रेल आइपुगेको हो । तर आइसकेको रेल सञ्चालनका लागि आवश्यक जनशक्ति र कानूनको अभावमा त्रिपालले छोपेर राखिएको छ । पहिलो त्रिपाल हटाएर रेल कहिले देखि निर्वाभत गुड्न थाल्छ, सञ्चालनको जिम्मा पाएको रेलवे कम्पनी र रेल विभाग दुवैलाई थाहा छैन ।

रेल विभागका महानिर्देशक बलराम मिश्र आवश्यक पक्रिया पूरा गर्न केही समय लाग्ने हुंदा तत्काल सञ्चालन गर्न नसकिने बताउँछन् । 'केही प्राविधिक प्रक्रिया पूरा गर्न बाकी छ,' उनी भन्छन्, 'यसको लागि ठ्यावर्क यति समय लाग्छ भन्न सक्ने अवस्था छैन ।' सम्भौताको एक दशक गुजारेपछि रेल त आइपुग्यो तर, यसबीच सरकारले न आवश्यक कानुन बनायो न त जनशक्ति व्यवस्थापन र उत्पादन नै । त्यसैले कोरोना कहरका माझ फोटो सेसन गरिसकेपछि टुक्रा रेल अहिले त्रिपालले छोपेर राखिएको छ । रेल सम्बन्धी विधेयक संसदमा विचाराधीन छ । संसदको बर्खे अधिवेशन अन्त्य भएको र हिउँदे अधिवेशन सुरु नभएकोले तत्काल कानुन बन्ने छाँट छैन ।

मधेश...

घरमा यस्तो कोरोनाको बेलामा पनि अलि अलि राहत त दिए हुन्थ्यो नि । राजनीतिको नाममा जति पनि दलहरु छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो । आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु । म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन् । हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो । हामी युवाहरु अब आफ्नै माटोमा समृद्धिको फुल फुलाउनु पर्छ ।

मैले तीन वर्षको लक्ष्य लिएको छु । अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु । रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच विघामा मेवा, पाँच विघामा अम्बा, पाँच विघामा केरा, पाँच विघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु । मसँग अहिले ५० जनाको टिम छ । रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच-पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु । अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उज्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा जिल्लामा सुरु गर्ने योजनामा छु । त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उज्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु ।

किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरुले पनि पत्याउने आधार हुन्छ । मधेशमा खेती गर्नेका लागि सिंचाइको समस्या छैन । आफ्नो लगानीमा गरियो भने बोरिङ्, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छ । मधेशमा जति पनि पानी छन् ।

(यादव एग्रेटेक कृषि फर्म प्रालिका अध्यक्ष हुन् ।)

कालापानी फर्काउन नेपाललाई सजिलो छैन

दुई तिहाइ मात्रै भएर स्थिरता आउँदैन । मानसिकरूपले अस्थिर छ यो सरकार ।

डा.लोकराज बराल

पूर्वराजदूत तथा परराष्ट्र मामिलाका जानकार

० हालै भारत र चीनबाट उच्च स्तरको भ्रमणहरू भएका छन्, यी भ्रमणहरूको सन्देश के हो ?

– भारतसँग हाम्रो सम्बन्ध अलिकति चिसिएको थियो । कालापानी, लिपुलेक र लिम्पियाधुराको कुरा, नक्साको कुरा आयो । यसबाट भारत खुशी भएको थिएन । हामीले जहिले पनि बार्ता गरौं भनेर ताकेता गरिरहँदा सधैंभरि यसैगरी सम्बन्ध चिसिएर राख्नु त्यो पनि नेपालजस्तो छिमेकीलाई त्यो ठिक छैन भनेर सम्बन्धलाई फेरि सामान्य बनाउँदै लाने र बार्ता र सम्वादको वातावरण निर्माणको पहल गर्नुपर्ने भारतलाई पनि महसुस भयो । भारतको नीति अलिकति परिवर्तन भएको जस्तो लाग्छ । सम्बन्धलाई सुधार गरिएन भने फेरि अर्कोतिर संलग्न होला भन्ने पनि भारतको आशका हुनसक्छ । त्यो दृष्टिकोणले भारतले सम्बन्ध बढाउन खोजेको हो । हामीले पनि बेला-बेलामा ताकेता गर्दै गरेकोले पनि अहिले बार्ता र सम्वादको थालनी भइरहेको छ ।

जहाँसम्म उत्तरतिरका छिमेकीको कुरा हो, अहिलेको भूराजनीतिक अवस्थाले गर्दा चीन अलिकति महत्वाकांक्षी पनि भएको छ । त्यसले गर्दा उसले अलि सक्रिय रुपमा नेपाल लगायत अरु-अरु मुलुकहरुसँग पनि सहकार्य गर्ने नीति अपनाएको छ । पहिले राज्य-राज्यबीचको सम्बन्ध हुन्थ्यो । कोही एक जना व्यक्ति राजा वा दरबारसँग सम्बन्ध राख्थ्यो । तर अहिले त उनीहरुले चाहेको जस्तो कम्युनिष्ट पार्टी करिब दुई तिहाइको बहुमतसहित शासनमा रहेकोले त्योसँग बढी संलग्नता देखाउन चाहेको हो । हामीले पनि २०१६ को नाकाबन्दीको सिलसिलामा पनि चीनसँग अलिकति बढी संलग्न भएको हो कि भन्ने देखिन्छ । किनभने यहाँ राजनीति विग्रिन्छ कि भन्ने चीनको चाहना छ ।

० उत्तर र दक्षिणबाट भएका लगातारका भ्रमणहरूले नेपालको भूराजनीतिक क्षमतालाई कति र कसरी प्रभावित गरेको छ ?

– संसारभरिका मानिसहरु नेपाल आउनु राम्रै हो, तर त्यो हाम्रो हितमा हुन्छ कि हुँदैन ? हामीले त्यसलाई म्यानेज गर्न सक्छौं कि सबैनौं भन्ने मुख्य कुरा हो । ठूल-ठूला राष्ट्रबाट आउने, गतिविधि गर्ने त्यसमा हामी सन्तुलित नीति लिन सक्छौं कि सबैनौं भन्ने कुरा हामीले हेक्का राख्नुपर्ने कुरा छ । विशेषगरी नेकपा भन्ने जुन पार्टी छ, त्यसले सि जिडपिड विचारधारा, चिनियाँ कम्युनिष्ट पार्टीको लाइनमा काम गर्ने र सि जिडपिड विचारधाराको पनि प्रचार गर्ने जस्तो नेकपामा अलि बढी सक्रियता देखाइएको छ र राज्य-राज्य बीचमा पनि सम्बन्ध छ । अलिकति बढी चीनको संलग्नता बढ्दै गएको हो कि भन्ने लाग्छ । त्यसकारणले सन्तुलन कायम गर्न सकेन भने नेपालको हितमा हुँदैन ।

० नक्सा विवादपछि नेपाल र भारतबीच संवादहीनताको अवस्था थियो, बार्ताका लागि नेपालको आग्रह भारतले अस्वीकार गरेको थियो । तर विगतको पुर्ई तीन हप्तामा भारतबाट तीन तहको भ्रमणहरू भएका छन्, यसको के अर्थ लाग्छ ?

– यी भ्रमणहरुले नेपालसँगको सम्बन्ध अलिकति राम्रो पारी भने अर्थ राख्दछ । एउटा नयाँ कुरा के भईदियो भने सार्वजनिकरुपमा रअका प्रमुखलाई विशेष विमानमा भारत सरकारको तर्फबाट आएर भेटेर गएको हुनाले रअका प्रमुखलाई पठाउनुपर्ने के कारण भन्ने

> ●नेपालसँग भारतको विशेष सम्बन्ध छ । यस्तो सम्बन्ध संसारमा काहीं छँदैछैन । त्यो सम्बन्ध कहीं बिग्रिन्छ कि, अरुले विशेष प्रभाव पार्छन् कि भन्ने भारतलाई चासो हो ।
>
> ●नेपालले आफ्नो गृहकार्य राम्रोसाग गर्नुपर्छ । होहल्ला गरेर, नारा-जुलुस गरेर राष्ट्रवादको नाममा उछाल्नु हुँदैन । शान्त कुटनीतिक तवरले कुरा मिलाउनु पर्छ ।
>
> ●सरकारले हतार गरेकै हो । संसदबाट पारित नगरेर अन्य प्रमाणहरु जस्तै नक्सालाई एउटा प्रमाण रुपमा हो भनेर रणनीतिरुपमा जानुपर्दथ्यो ।
>
> ●नेपाल र भारतबीच यस्तो सम्बन्ध छ कि मूलभूतरुपमा नीति परिवर्तनै हुँदैन । कतैतिर संलग्न नभइकन राम्रोसँग बस्नु बाहेक हामीसँग विकल्प छैन ।
>
> ●तपाईंले दाबी गरेको जस्ताको तस्तै दिन्छु भनेर भारतले भन्यो भने त राम्रो । तर त्यहाँका राजनीतिक नेतृत्वले पनि सजिलैसँग दिन सक्ने अवस्था अलि अप्ठ्यारो छ ।

देखाएको हुनाले पहिले भारतको प्रभाव क्षेत्र भनिएकोमा अहिले चीन पनि अलिकति सक्रिय भएको छ । त्यो दृष्टिकोणले नेपाललाई धेरै टाढा राखियो भने पश्चिमा मुलुकहरुले नेपाललाई प्रयोग गर्ला कि भन्ने पनि चीनको आशंका छ । त्यसले गर्दा सन्तुलनका लागि चीन अलिकति अगाडि आएको छ । अहिले चीनको विश्वव्यापीरुपमा आक्रामक उपस्थिति देखिन्छ जस्तो अहिले नेकपाको आन्तरिक विवादमा राजदूतको संलग्नता, पाटीलाई मिलाउँदै हिंड्ने कामहरु भएको । पहिले भारतलाई यसै कुरामा दोष दिन्थ्यो । सानो-सानो कुरामा पनि भारत लागेको आरोप लाग्थ्यो, माइक्रो म्यानेजमेन्ट भन्थे । अहिले चीन पनि त्यस्तैमा लागेको कुरा सबैको चासोको विषय बनेको छ । अरु आए पनि हुन्थ्यो नि । परराष्ट्र सचिव आए हुन्थ्यो अथवा अन्य कोही आएको हुन्थ्यो दूतको रुपमा । सुरक्षाको दृष्टिकोणले भारत अलि बढी संवेदनशील भइरहेको छ कि भन्ने अर्थ लगाइएको छ । अब रअ प्रमुख र प्रधानमन्त्रीबीच के कुरा भएको छ भन्ने कुरा अहिलेसम्म खुलेको छैन । सम्बन्ध सुधार गर्दै लाने, बार्ता गर्ने भन्ने कुराहरु बाहिर त आएका छन् ।

० भारतले पहिला बार्ता गर्न चाहेन, अहिले उच्च स्तरको भ्रमण भएको छ । के यसले नेपालसँगको सम्बन्ध सुधार्न मात्र खोजेको छ कि यसको भूमि राजनीतिक प्रभाव वा अन्तर्राष्ट्रिय दबाब पनि छ ?

– अन्तर्राष्ट्रिय दबाब यसमा केही पनि छैन । भारतले नेपाललाई ब्रिटिशकै पालादेखि सामिप्यता रहेको पुष्टि गर्दै आएको छ । भारतसँग हाम्रो हजारौं किसिमका सम्बन्ध छन् । बहुआयामिक सम्बन्ध छ भारतसँग । त्यो भएको हुनाले नेपाल-भारत सम्बन्धको महत्व छँदैछ । तर भूराजनीतिक अवस्था पनि र नेपाललाई अन्य मुलुकले प्रयोग गर्ने हुन् कि भारतलाई चासो छ । भारतले नेपाल आफ्नो प्रभाव क्षेत्रमै रहोस् भन्ने चाहना राखेकै हो । नेपालसँग विशेष सम्बन्ध पनि छ । यस्तो सम्बन्ध संसारमा कहीं छँदैछैन । त्यो सम्बन्ध कहीं विग्रिन्छ कि, अरुले विशेष प्रभाव पार्छन् कि भन्ने भारतलाई चासो हो ।

० भारतबाट भएका भ्रमणहरू र अब हुने पुर्ई देशका परराष्ट्रमन्त्रीहरूको वार्ताबाट सीमाको विवाद समाधान होला भन्ने आशा गर्न सकिन्छ ?

– सिमानाको कुरा भनेको जटिल समस्या हो । कालीपूर्वको भूभाग कालापानी, लिपुलेक, लिम्पियाधुरा हाम्रो हो भनेका छौं । सिमानाको समस्या भनेको तुरुन्त समाधान हुने पनि होइन । यतिका वर्षसम्म हामीले पनि त्यति वास्ता गरेनौं । कालापानीको कुरा आएपछि यो हाम्रो पो हो भन्यौं । त्यो पनि ५०-६० वर्ष भइसक्यो भने भारतको फौज बसेको । अहिले आएर हाम्रो हो भनिसकेपछि ती भूभाग त्यति सजिलै फर्किन्छ भन्ने लाग्दैन । यसमा धेरै समय लाग्छ । समझदारी पनि चाहिन्छ, एकअर्कालाई विश्वास पनि चाहिन्छ । त्यो खालको विश्वास र आत्मियता छ कि छैन ? हामीले यसलाई नक्सा निकालिसक्यौं, दुई तिहाइले पास गरिसक्यौं । अब त्यो विस्तारै बार्ता गर्दै जाने, सद्भावना बढाउँदै जाने, एकअर्कालाई विश्वास बढाउँदै जाने । त्यसकारणले अरु कुरामा नेपाल-भारत सम्बन्धलाई धेरै अगाडि बढाउँदै लाने तर सिमानाको विषयमा विस्तारै कुरा गर्दै लाने नै नीति हुन्छ होला । होहल्ला गरेर, नाराबाजी र जुलुस निकालेर, राष्ट्रवादी भएर त्यो समस्या सुल्झिने होइन । शान्त कुटनीतिबाटै हुने हो ।

० मनेपछि सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा नक्सामा राख्न अलि हतार भन्यो ?

– सरकारले हतार गरेकै हो । संसदबाट पारित नगरेर अन्य प्रमाणहरु जस्तै नक्सालाई एउटा प्रमाण रुपमा हो भनेर रणनीतिरुपमा जानुपर्दथ्यो । तर पहिले नै नक्सामा ती भूभागहरु राखिसकेपछि फिर्ता त गराउनुपर्यो । नभए नेपाली जनताले शासकलाई समाउँछन् । तपाईंले दाबी गरेको जस्ताको तस्तै दिन्छु भनेर भारतले भन्यो भने त राम्रो । तर त्यहाँका राजनीतिक नेतृत्वले पनि सजिलैसँग दिन सक्ने अवस्था अलि अप्ठ्यारो छ । अब हुने कुरा भइसक्यो, संसदबाट सर्वसम्मतले पास भइसक्यो । तर अब कसरी गर्ने भन्ने विश्वास चाहिन्छ, एकअर्कामा सद्भावना चाहिन्छ । त्यो वातावरण बनाए मात्रै कुराकानी गर्दा फर्किहाल्छ भन्न सकिदैन तर वातावरण बनाउँदै लाने ।

० सरकारले हतारमा नक्सा पारित गर्नुको पछाडि बाह्य दबाब पनि थियो कि ?

– भारतका पक्षबाट त्यस्तो आरोप लगाउन हुन्थेन । त्यहाँका प्रधानसेनापतिले त्यसलाई सच्याएको पनि छ । त्यहाँका मिडियाले पनि अनावश्यक रुपमा धेरै कुराहरु उचालेको हो । यहाँ पनि राष्ट्रबादको कुरा उठिहाल्छ । तर सरकारको तर्फबाट त्यस्तो खालको प्रतिक्रिया होइन ।

० भारतबाट भएका भ्रमणहरूमा उसको केही राजनीतिक महत्वाकांक्षा पनि छ कि ?

– यो क्षेत्रको एउटा ठूलै राईजिङ पावर हो । स्वाभाविकरुपले अन्य मुलुकहरुको चलखेल नहोस् भन्ने भारतको इच्छा हो । त्यसमा सतर्क भएरै भारत अहिले सम्बन्धलाई अलिकति सुधार्न लागेको हो ।

० चिनियाँ रक्षामन्त्रीको हालै भएको भ्रमणको निश्चित अर्थ के हो ?

– नेपालको सेनासँग सम्बन्ध जोड्न खोजेको छ । ५-७ घन्टाको बसाईको क्रममा नेपाली सेनासँग नै धेरै छलफल भयो । दुवै देशको सेनाले संयुक्तरुपमा सैन्य अभ्यास गर्ने लगायतका कुराहरु छन् । चीनले अलिकति संलग्नता बढी खोजेको छ । चीनले सम्बन्ध अलि कति बढी बढाउने, सामरिक महत्वका कुरा लगायतको रणनीतिक हिसाबले नेपाल आएको देखिन्छ ।

० यी भ्रमणहरूले नेपालको भारत र चीनसँगको सम्बन्धमा कस्तो प्रभाव पार्छ ?

– हामी सन्तुलित हुनुपर्छ । उनीहरु आउँछन्, नआऊ भन्न सक्दैनौं । हामीले उनीहरुसँग व्यवहार कसरी गर्ने, कति संलग्न हुने त्यो हाम्रो रणनीतिमा भर पर्छ । त्यसकारणले हामी धेरै सतर्क हुनुपर्छ ।

० चीन र भारतबीच बढ्दो असमझदारी र प्रतिस्पर्धाले भूराजनीतिक संवेदनशीलतासँगै चीनको आक्रामक शैली र प्रभाव नेपालमा बढेको हो ?

– त्यो त देखिएकै छ । संसारमै अहिले अमेरिकालाई उछिन्नुपर्ने भनेको छ । भारतलाई उसले ठूलो शक्ति मान्दैन । तर जे भएपनि भारत पनि एउटा ठूलै शक्ति हो । चीन जतिको विकसित नभएको होला, तर अरु किसिमले भारत धेरै अगाडि छ । भारत ठूलै शक्ति हो, यो क्षेत्रको । प्रतिस्पर्धात्मक सम्बन्ध त ठिकै हो तर सैनिकरुपले प्रतिस्पर्धा भयो भने युद्धको अवस्थामा पुग्ला भन्ने डर मात्रै हो । युद्धको अवस्था नआउला । किनभने दुइटैलाई अहित हुन्छ । चीनको पनि महत्वकांक्षा खत्तम हुन्छ ।

० भारत र चीनको तनावले नेपाललाई कस्तो असर गर्छ ?

– नेपाल अब सतर्क हुनुपर्छ । दुई मुलुकबीचको तनावमा हामी संलग्न हुने होइन । पहिला पनि हामी संलग्न भएका थिएनौं । धेरै कुरामा हामी सतर्क हुनुपर्छ । अहिले भूराजनीतिक अवस्था भन्-भन् जटिल हुँदैछ, हामी पनि आर्थिकरुपले कमजोर हुन लागेका छौं । राजनीतिक खिचातानी र मारामारले गर्दा हामीलाई कमजोर बनाइरहेको छ । दुई तिहाइको सरकार भनिए पनि भन् बढी कमजोर देखिन्छ । दुई तिहाइ मात्रै भएर स्थिरता आउँदैन । मानसिकरुपले अस्थिर छ यो सरकार । यस्तो बेला भन् बाहिरको शक्तिले त मौका पायो भने राम्रो हुँदैन नि ।

० सीमा विवाद पछि भारतको नेपाल नीतिमा परिवर्तन भएको हो ?

– नेपाल र भारतबीच यस्तो सम्बन्ध छ कि मूलभूतरुपमा नीति परिवर्तन हुँदैन । कतैतिर संलग्न नभइकन राम्रोसँग बस्नु बाहेक हामीसँग विकल्प छैन । नेपालको त नीति नै छैन । नेपाल र भारतले एउटा प्रबुद्ध व्यक्तिको समूह बनायो । उसले आफ्नो रिपोर्ट दिएपछि वुझ्नुपर्ने थियो भारतले पनि । किनभने त्यो रिपोर्टमा भारतका मान्छे पनि संलग्न छन् । त्यसकारणले भारत सरकारले नेपालसँगको रणनीतिमा परिवर्तन गरेको जस्तो लाग्दैन । नेपालले त्यसमा अलिकति परिवर्तन गरौं भन्नेमा छ । त्यस विषयमा कुरा मिलेको छैन । त्यसैले मूलभूत रुपमा फ्रेमवर्कमा परिवर्तन हुँदैन । नेपाल-भारत सम्बन्ध जे जस्तो भएपनि मूलभूतरुपमा यस्तै नै रहन्छ ।

० सीमासहित अन्य विषयहरूमा नेपालले भारतसँग कसरी प्रस्तुत हुनुपर्छ ?

– नेपालले आफ्नो गृहकार्य राम्रोसँग गर्नुपर्छ । होहल्ला गरेर, नारा-जुलुस गरेर राष्ट्रवादको नाममा उछाल्नु हुँदैन । शान्त कुटनीतिक तवरले कुरा मिलाउनु पर्छ । समझदारी बनाउनुपर्छ । उसलाई विश्वास चाहियो । कतै नेपाल चीनसँग मिलेको छ कि भन्ने शंका छ, त्यो शंका हटाउनुपर्छ । त्यसकारणले शान्त कुटनीतिक आधारमा यी समस्याहरुलाई समाधान गर्नुपर्छ ।

० अब हुने परराष्ट्रस्तरीय बैठकले विवादहरू समाधान गर्न सक्ला होला ?

– समाधान भइदियो भने राम्रो तर त्यति सजिलोसँग एउटै वा दुइटै वार्तामा हुँदैन । यसमा धेरै समय लाग्छ । साधारण सिमानाको कुरा समाधान भएको छैन । यसमा समय लाग्छ । यसको समाधान कसरी हुन्छ, कहिले हुन्छ भन्न सक्ने अवस्था छैन । अन्य सम्बन्धहरु सुमधुर हुँदै जानुपर्छ । अन्य आयामहरु पनि त छन् नि, त्यसमा सुधार हुँदै जानुपर्छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

नश्लीय राज्य संरचना निर्माण गर्दै नेकपाको सरकार

क्र.स	मिति	नाम	पद	समुदाय
१	२०७४/११/३१	विष्णु रिमाल	प्रधानमन्त्रीको मुख्य सल्लाहकार	बैरमतेली
२	२०७४/१२/१२	अच्युत प्रसाद मैनाली	प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकार	बैरमतेली
३	२०७४/१२/१२	डा. कुन्दन अर्याल	प्रधानमन्त्रीको प्रेस सल्लाहकार	बैरमतेली
४	२०७४/१२/१२	कमलशाली घिमिरे	सदस्य, विशेषज्ञ तथारी सहजीकरण समिति	बैरमतेली
५	२०७४/१२/१४	नवराज ज्ञवाली	सहरी विकास मन्त्रालय	बैरमतेली
६	२०७४/१२/२०	कमलशाली घिमिरे	सदस्य, विषेशज्ञ तयारी सहजीकरण समिति	बैरमतेली
७	२०७४/१२/२७	सूर्यराज कँडेल	राजपत्र प्रथम श्रेणीको पदमा नियुक्त	बैरमतेली
८	२०७४/१२/२७	सर्वेन्द्र श्रेनाल	पहरी महानिरिक्षक	बैरमतेली
९	२०७४/१२/२७	सूर्य प्रकाश सुवेदी	महानगरीको मेयर	बैरमतेली
१०	२०७४/१२/२७	कृष्णदेव भट्ट	सुपरिटेन्डिङ्ट इन्जिनियर	बैरमतेली
११	२०७४/१२/२७	वासुदेव काफ्ले	नेपाल कृषि सेवा	बैरमतेली
१२	२०७५/०१/०४	तलसी प्रसाद पौडाल	प्रशासक, कर्मचारी सञ्चय कोष	बैरमतेली
१३	२०७५/०१/०४	प्रकाश जोशी	सहसचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	बैरमतेली
१४	२०७५/०१/०४	करुणा केसी	सहसचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	बैरमतेली
१५	२०७५/०१/११	मुगराज श्रेष्ठ	अध्यक्ष, सार्वजनिक खरिद पुनरावलोकन समिति	बैरमतेली
१६	२०७५/०१/११	प्रा.डा पुष्पलाल कँडेल	उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	बैरमतेली
१७	२०७५/०१/११	डा. कृष्ण प्रसाद ओली	सदस्य, राष्ट्रिय योजना आयोग	बैरमतेली
१८	२०७५/०१/१५	डा. उषा झा	सदस्य, राष्ट्रिय योजना आयोग	मधेसी
१९	२०७५/०१/१५	डा. विल बहादुर गुरुङ	सदस्य, राष्ट्रिय योजना आयोग	बैरमतेली
२०	२०७५/०१/१५	डा. सुशील भट्ट	सदस्य, राष्ट्रिय योजना आयोग	बैरमतेली
२१	२०७५/०१/१५	श्री मीनबहादुर शाही	सदस्य, राष्ट्रिय योजना आयोग	बैरमतेली
२२	२०७५/०१/१५	डा. रामकुमार फुँयाल	सदस्य, राष्ट्रिय योजना आयोग	बैरमतेली
२३	०७५/०१/१५	डा. सुबीज कुमार कर्ण	सचालक, नेपाल राष्ट्र बैंक	मधेसी
२४	२०७५/०२/०६	परशुराम श्रेष्ठ	प्रमुख जनस्वास्थ्य निर्देशक	बैरमतेली
२५	२०७५/०२/०६	कविप्रसाद पाठक	प्रशासक, राष्ट्रिय विमान सस्थान	बैरमतेली
२६	२०७५/०२/२०	वीरकुमार श्रेष्ठ	नेपाल पशासन सेवा	बैरमतेली
२७	२०७५/०२/२३	डा. हरहर वस्ती	नेपाल स्वास्थ्य सेवाकी एघारौ तह	बैरमतेली
२८	२०७५/०२/३१	हरिहर पोखरेली 'श्यामल'	अध्यक्ष, राष्ट्रिय समाचार समिति	बैरमतेली
२९	२०७५/०२/३१	महेन्द्र विष्ट	कार्यकारी अधिकृत, नेपाल टेलिभिजन सचालन समिति	बैरमतेली
३०	२०७५/०२/३१	राममणी दुवाडी	सदस्य,नेपाल दुरसचार पाधिकरण	बैरमतेली
३१	२०७५/०२/३१	श्रीप्रसाद अधिकारी	नेपाल स्वास्थ्य सेवा	बैरमतेली
३२	२०७५/०२/३१	डा. सोमलाल सुवेदी	वैकल्पिय निर्देशक, एशियाली विकास बैंक	बैरमतेली
३३	२०७५/०३/१०	गोपाल बुद्धाधोकी	सदस्य, प्रेस काउन्सिल नेपाल	बैरमतेली
३४	२०७५/०३/१४	पुन्जित राई	सुरक्षा विज्ञ, कुटनीती	बैरमतेली
३५	२०७५/०३/१२	कमलकुमार श्रेष्ठ	सदस्य, सार्वजनिक खरिद पुनरावलोकन समिति	बैरमतेली
३६	२०७५/०४/३०	सुशील ज्वाली	कार्यकारी अधिकृत, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	बैरमतेली
३७	२०७५/०५/०४	माधव शर्मा	विज्ञ, नेपाली कला तथा सस्कृति, भाषा साहित्य इतिहास	बैरमतेली
३८	२०७५/०५/०४	मेजरबहादुर थापा	विज्ञ, राष्ट्रिय सुरक्षा समस्या तथा वातावरण	बैरमतेली
३९	२०७५/०५/२१	दिनेश्वर भा	अध्यक्ष, दुरसचार प्राधिकरण	मधेसी
४०	२०७५/०५/२१	डा. श्यामप्रसाद उपेती	कुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान	बैरमतेली
४१	२०७५/०५/२४	पूर्णचन्द्र थापा	प्रधानसेनापति	बैरमतेली
४२	२०७५/०५/२९	लिलुप्रसाद दुंगाना	अध्यक्ष जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि.सचालनक समिति	बैरमतेली
४३	२०७५/०५/३१	मदन श्रेरेल	कार्यकारी अध्यक्ष, नेपाल खानुसेवा निगम	बैरमतेली
४४	२०७५/०६/०५	प्रा.डा. चैतन्य शर्मा मिश्र	अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति	बैरमतेली
४५	२०७५/०६/०५	डा मीना आचार्य	सदस्य, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति	बैरमतेली
४६	२०७५/०६/०५	प्रा.डा राजेन्द्रध्वज जोशी	सदस्य, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति	बैरमतेली
उनले नेपाल एपीएफ स्कूलले समग्र राष्ट्रको शिक्षाको विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै हालको जटिल अवस्थामा समेत विद्यालय संचालनमा विभिन्न क्षेत्रबाट प्राप्त सहयोग प्रति आभार प्रकट गरे। सशस्त्र प्रहरी महानिरीक्षक खनालले सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरु सीमा सुरक्षाको साथै राज्य प्रदत्त विभिन्न जिम्मेवारीका क्षेत्रहरुमा देशका विभिन्न ठाउँहरुमा रहेर सीमित साधनश्रोतका बावजुद कार्यक्षेत्रमा अहोरात्र खटिई राष्ट्रको सुरक्षा तथा आम नागरिकको सुरक्षा, सेवा र सहयोगमा पुऱ्याएको योगदानको बिभिन्न क्षेत्रहरुबाट प्रशंसा भईरहेको चर्चा गर्दै सशस्त्र प्रहरी कर्मचारीहरु अगामी दिनमा समेत अझ बढी सजग र सतर्क भई व्यावसायिक जिम्मेवारी निर्वाहमा कृयाशिल रहने उल्लेख गरे।

सो अवसरमा कोहलपुर नगरपालिकाका मेयर एल.वि. रावतले नेपाल एपीएफ स्कूलबाट स्थानीय सर्वसाधारण जनताका छोरीछोरी समेत लाभान्वित हुने चर्चा गर्दै स्कूलको विकास तथा स्तरउन्नतीका लागि सदैव सहयोग रहिरहने उल्लेख गरे। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक इन्द्रराज काकीले विद्यालयको प्रगति विवरण प्रस्तुत गर्दै सर्वसाधारण नागरिकका सन्ततीहरुले समेत स्थानीय स्तरमा गुणस्तरीय शिक्षा सर्वसुलभ रुपमा प्राप्त गर्ने बताए। सो विद्यालयमा यसै शैक्षिकसत्र देखि अनलाईन विधिबाट कक्षा ४ र ५ का विद्यार्थी छनोट गरी कुल ५८ जना विद्यार्थीहरुलाई अनलाईन कक्षा संचालन भईरहेको कुरा सो कार्यक्रममा जानकारी गराईएको थियो।

विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेबलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र बाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

हरिप्रसाद मण्डल

नगरप्रमुख

मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

विश्व परिवेश

भारतमा जनवरीबाट जोखिम समूहले खोप पाउने सम्भावना

नयाँ दिल्ली । अक्सफोर्ड विश्वविद्यालयद्वारा सोमबार जारी विज्ञप्तिअनुसार अन्तरिम तथ्यांकले कोरोना खोप ७०.४ प्रतिशत प्रभावकारी देखिएको छ। यो दुई चरणमा गरिएको परीक्षणले यो ९० प्रतिशत प्रभावकारी हुन सक्छ।

अक्सफोर्डद्वारा विकसित खोप माइनस २ देखि ८ डिग्री सेल्सियसमा भण्डारण गर्न सकिन्छ। अक्सफोर्डको खोप एउटा भाइरसबाट बनेको छ, जुन सामान्य एडेनो भाइरस (सामान्य रुघाखोकी) को कमजोर संस्करण हो। यसलाई मानिसमा विकसित हुन असम्भव बनाउनका लागि आनुवांशिक रूपले परिवर्तन गरिएको छ। स्वास्थ्य मन्त्रालयका एक पदाधिकारीका अनुसार अक्सफोर्ड र एस्ट्राजेनेकाको यो खोप आर्कस्मिक उपयोगका लागि भारतले बेलायतसँग अनुमति मागेको छ। बेलायतले खोप प्रयोग गर्न अनुमति दियो भने भारतमा तेस्रो चरणको परीक्षणअघि नै कोभिसिल्डलाई स्वीकृति मिल्न सक्छ। यसरी सन् २०२१ को सुरुमै भारतका जोखिम समूहले खोप पाउन थाल्ने सम्भावना छ। भारतमा परीक्षण सफल भएको खोप नेपालमा सजिलै प्रयोग गर्न सकिने विज्ञहरूको भनाइ छ। नेपाल र भारतको हावापानी लगभग उस्तै भएकाले उता परीक्षण सफल भएको खोप यता प्रयोग गर्न सहज हुनेछ।

भारतले भुटानको स्याटेलाइट अन्तरिक्षमा पठाउने

नयाँ दिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी वर्ष भुटानी स्याटेलाइट अन्तरिक्षमा पठाउने घोषणा व्यक्त गरेका छन् । रुपे कार्डको दोस्रो चरणको उद्घाटन गर्दै प्रधानमन्त्री मोदीले भारतले चाँडै भुटानी उपग्रह अन्तरिक्षमा पठाउने घोषणा गरेका हुन् । 'भारतले निजी क्षेत्रका लागि पनि आफ्नो अन्तरिक्ष क्षेत्र खोलिसक्यो । यसले नवीन क्षमता र सीपलाई बढावा दिनेछ । आईएसआरओले अर्को वर्ष भुटानको उपग्रह पठाउँदै छ । त्यसका लागि तीव्र गतीमा काम भइरहेको छ,' उनले भने । त्यसको तयारीका लागि चार भुटानी अन्तरिक्ष इञ्जिनियरहरूलाई डिसेम्बरदेखि नै भारतमा प्रशिक्षण दिइने उनले बताए ।

'रुपे कार्ड प्रक्षेपणको पहिलो चरणमा ११,००० सफल रुपे लेनदेन भुटानमा भइसकेका छन । आज चरण २ सुरु भएपछि हामी भुटानलाई रुपे नेटवर्कमा पूर्ण समय साझेदारका रूपमा स्वागत गर्दछौं,' मोदीले भने । सो अवसरमा भुटानका प्रधानमन्त्री लोटे शेरिंगले महामारीको सामना गर्न मोदीको प्रयासको सरहना पनि गरे ।

कोरोनाविरुद्धको खोप नआउँदासम्म विद्यालय बन्द हुने

नयाँदिल्ली । भारतको केन्द्रीय राजधानी रहेको दिल्ली प्रदेशमा कोरोनाभाइरस विरुद्धको खोप नआउदासम्म विद्यालय बन्द नै रहने भएका छन् । खोप नआउदासम्म बालबालिकाहरु विद्यालयमा सुरक्षित हुन नसक्ने भएकाले अहिले नै विद्यालयहरु खोल्न ठिक नहुने निश्कर्ष प्रदेश सरकारले निकालेको हो । दिल्ली प्रदेशका उप मुख्यमन्त्री तथा शिक्षा मन्त्री मनिष सिसोडियाले जहिलेसम्म खोप आउदैन त्यहीलेसम्म दिल्लीका विद्यालयहरु बन्द नै रहने जानकारी दिए । कोरोनाविरुद्धको खोप नआउदै विद्यालय खोल्नु घातक हुने भएकाले विद्यालय खोल्ने निर्णय गर्न नसकिएको उनले स्पष्ट पारे । भारतको केन्द्रीय राजधानी समेत रहेको दिल्ली प्रदेशमा गत मार्च १६ देखि सबै विद्यालयहरु बन्द नै रहेका छन् । कोरोनाभाइरसको महामारी फैलिन थाल्नासाथ सरकारले विद्यालय बन्द गराएको हो । भारतका कतिपय प्रदेशहरुले विद्यालय खोल्ने निर्णय गरेपनि दिल्ली प्रदेशले भने बन्दलाई अझै कायमै राख्ने निर्णय गरेको छ । तुलनात्मक रुपमा कोरोनाभाइरसबाट बढी प्रभावित प्रदेश भएकाले पनि दिल्ली सरकारले विद्यालय खोल्ने जोखिम नलिएको हो ।

पाकिस्तानलाई ओआईसीको धक्का : विदेशमन्त्रीहरूको बैठकको एजेन्डाबाट हटाइयो 'कश्मीर मुद्दा'

इस्लामाबाद । पाकिस्तानलाई इस्लामिक सहयोग संगठन (ओआईसी)ले ठूलो धक्का दिएको छ । ओआईसीले नाइजरमा आयोजित विदेश मन्त्रीहरूको बैठकको एजेन्डाबाट काश्मिरको मुद्दालाई हटाइएको छ । पाकिस्तानले ओआईसीबाट काश्मीर मुद्दामा साथ खोजेको थियो । तर, कुनै मुलुकको आन्तरिक विवादमा ओआईसीले हस्तक्षेप नगर्ने बताएको छ । पाकिस्तान, साउदी अरेबिया र यूएईबीचको सम्बन्ध तनावग्रस्त रहेको समयमा पाकिस्तानी कूटनीतिज्ञले अपूर्ण अपेक्षाहरू गरिरहेको बताएका छन् । नाइजरको राजधानी नियामीमा नोभेम्बर २७ को विदेश मन्त्रीहरूको काउन्सिल (सीएफएम) को बैठकको लागि जारी गरिएको ओआईसीको भनाइले रियादमा घोषित एजेन्डामा कश्मीरको बारेमा कुनै उल्लेख गरेको छैन, जुन समूहको नेतृत्व गरिरहेका छन् । यसैबीच, पाकिस्तानले काश्मीरको मुद्दा विदेशमन्त्रीहरूको बैठकको हिस्सा नभएको रिपोर्टलाई हटाउन खोजेको छ र उनीहरूलाई झूटा भारतीय प्रचारको हिस्सा भनिएको छ ।

विदेश कार्यालयका प्रवक्ता जाहिद हफीज चौधरीले साप्ताहिक प्रेस वार्तामा काश्मीर मुद्दा ओआईसी एजेन्डामा स्थायी वस्तु भएको बताए । उनले नोभेम्बर २७ मा पहिलो सीएफएम बैठक भएको छ जसमा भारतले गत वर्ष अगस्तमा कश्मीरको विशेष स्थिति खारेज गरेको विषय समावेश नहुने बताएका छन् ।

भारतमा १० करोड डोज स्पुतनिक भी खोप उत्पादन गर्ने रूसको घोषणा

मस्को । कोरोनाभाइरस विरुद्धको रसियाली स्पुतनिक भी खोप भारतमा उत्पादन गरिने भएको छ । भारतीय औषधि निर्माता कम्पनी हेटेरोले १० करोड डोज खोप उत्पादन गर्ने सहमति भएको रसियाको खोप निर्माता कम्पनीले जनाएको छ ।

रुसको प्रत्यक्ष लगानी कोष (आरडिआइएफ) ले एक विज्ञप्ती प्रकाशन गरी भारतीय कम्पनी हेटेरोले प्रति वर्ष १० करोड डोज खोप उत्पादन गर्ने बताएको हो । खोपको उत्पादन सन् २०२१ को शुरुदेखि नै प्रारम्भ हुनेछ ।

यसै साताको प्रारम्भमा रसियाले स्पुतनिक खोपको क्लिनिकल परीक्षणमा ९५ प्रतिशत प्रभावकारी रहेको दावी गरेको थियो । अमेरिकाका दुई कम्पनीले पनि आफ्ना खोपहरु ९० प्रतिशतभन्दा बढी प्रभावकारी रहेको बताइसकेका छन् ।

रसियाले स्पुतनिक खोपको मूल्य अन्तर्राष्ट्रिय बजारमा प्रति डोजको १० अमेरिकी डलर पर्ने जनाएको छ । यो अन्य खोपहरुको तुलनामा निकै सस्तो रहेको बताइएको छ । हाल स्पुतनिक खोपको तेस्रो तथा अन्तिम चरणको परीक्षण जारी रहेको छ । यस खोपका लागि ४० हजार व्यक्तिले स्वयंसेवीका रुपमा सहभागिता जनाएका छन् ।

पाकिस्तानमा विरोध प्रदर्शन गर्ने चेतावनी

स्वाट । पाकिस्तानमा लामो समयदेखि ग्यास बन्द भएपछि गुम्बाद मैरा, मलुकाबाद, शाहदरा वाटर्की र आसपासका क्षेत्रका स्थानीयहरुले सरकारविरुद्ध विरोध प्रदर्शन गर्ने चेतावनी दिएका छन् । गुम्बाद मैराका अन्य बासिन्दाले चिसो मौसमको समयमा विशेष गरी वृद्ध र बच्चाहरूको लागि कोठा तातो राख्न पनि ग्यास आपूर्ति आवश्यक रहेको बताएका छन् ।

त्यहाँका स्थानीय बासिन्दाहरूले भनेका छन्, उनीहरूलाई खाना पकाउन र पानी तताउन महँगो एलपीजी प्रयोग गर्नुपर्ने बाध्यता छ । सरकारले यसको तत्काल व्यवस्थापन नगरे कडा आन्दोलन गर्ने स्थानीयले चेतावनी दिएका छन् ।

नेपाल-भारतको विवाद सुधारोन्मुख

काठमाडौं । भारतका विदेश मन्त्री एस जयशंकरले नेपाल र भारतबीचको विवादमा सुधार आइसकेको बताएका छन् । दुई देशबीच केही विषयमा विवाद रहे पनि पछिल्लो साता दुवै राष्ट्र अघि बढिसकेको बताएका छन्। भारतीय पत्रिका द हिन्दुका लागि दिएको अन्तर्वार्तामा उनले दुई देशबीच केही समस्या भएपनि ती छिट्टै हल हुने बताएका छन् ।

जयशंकरले विश्वभर नै छिमेकी राष्ट्रहरुबीच समस्या हुने भन्दै भने, 'समस्याहरु हुन्छन् । दुई छिमेकी राष्ट्रबीच समस्य नभएको कहाँ छ, मलाई देखाउनुस् । ती समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने चाहिँ प्रश्न हो । साझा विन्दु पत्ता लगाएर सम्बन्धमा देखिएको दरारहरुलाई कसरी कम गर्ने भन्नेमा अब सोच्नुपर्छ ।'

दुई देशबीचको समस्या समाधानमा अघि बढीसकेको भन्दै उनले भनेका छन् 'एउटा समय थियो जहाँ हामीबीच समस्याहरु थिए । तर गएको केही हप्तामा नेपाल र भारतले अघि बढ्ने निर्णय गरिसकेको मलाई लाग्छ । यो दुवै राष्ट्रको आपसी हितमा छ ।'

भारतमा चरमपन्थी पठाउने प्रयासमा छ पाकिस्तान : भारतीय सेना प्रमुख

नयाँ दिल्ली । भारतीय सेनाका प्रमुख जनरल एमएम नरवणेले पाकिस्तान सीमा पारीबाट भारत तर्फ चरमपन्थी पठाउने प्रयासमा रहेको आरोप लगाएका छन् । केरलामा भएको इन्डियन नेभल एकेडेमीको पासिङ आउट परेडको क्रममा पाकिस्तानमाथि भारत तर्फ चरमपन्थी पठाउन प्रयासरत रहेको गम्भीर आरोप लगाएका हुन् । पाकिस्तान जम्मु-कश्मीरमा घुसपैठ गर्ने तथा सामान्य लोकतान्त्रिक गतिविधिहरुमा खलबल पार्ने हरसम्भव प्रयास गरिरहेको सेना प्रमुख नरवणेले बताए ।

जाडो याममा पाकिस्तान नियन्त्रण रेखा नजिक 'आतंककारी' लाई पठाउने कोशिशमा रहेको आरोप उनले लगाएका छन् । भारतीय सेना प्रमुख नरवणेले भनेका छन्, 'हाम्रो पश्चिम सीमाहरुमा अहिलेको अवस्थामा आतंकवाद लगातार एउटा गम्भीर चुनौति बनिरहेको छ । सबै प्रयासका बावजुद पनि यो चुनौति कम भइरहेको छैन ।'



जिल्ला समाचार

जुवा खेल्ने १० जना पक्राउ

पर्सा । होटेलबाट ५ लाख ८२ हजार रकममसहित जुवा खेल्ने १० जनालाई वारा प्रहरीले पक्राउ गरेको छ । प्रहरीले बाराको जितपुरसिमरा उपमहानगरपालिका २ सिमरा स्थित सिमरा पाराडाइज होटलबाट उक्त रकम सहित जुवाडेहरूलाई पक्राउ गरेको हो । जुवाडेहरू जुवा कौडा खेलिरहेको भन्ने विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय बारावाट खटिएको प्रहरी टोली उक्त होटेलको कम्पाउण्ड भित्र पछाडी साइडमा रहेको ढहराबाट उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीले होटेलको जुवा खेल्न प्रयोग भएका म्याट, पाउडर, कौडा १६ थान र नगद ५ लाख ८२ हजार ५ सय ५० रुपैया बरामद गरेको बाराका प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए । पक्राउ परेका सबैलाइ जुवा मुद्दा अन्तरगत मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको मिश्रले बताए ।

पतरियामा बर्थिङ्ग सेन्टर संचालन

मणि प्रसाद गैह, कंपलवस्तु । शुद्धोधन गाउँपालिका अन्तर्गत वडा नं. १ अन्तगत रहेको तपरिया स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर र ल्याव संचालनमा आएको छ । आइतवार गाउँपालिकाका अध्यक्ष नित्यानन्द खरेल, उपाध्यक्ष सुधादेवी पाण्डेय र वडाअध्यक्ष तिलकराम यादवले संयुक्तरुपमा उद्घाटन गरेसँगै बर्थिङ्ग सेन्टर र ल्याव संचालनमा आएको हो । ग्रामीण क्षेत्रका गर्भवति महिलाहरुले स्थानीय स्तरमा नै बच्चा जन्माउनको लागी गाउँपालिकाले प्रत्येक वडामा बर्थिङ्ग सेन्टर संचालनमा ल्याउने गाउँपालिकाका अध्यक्ष निसार अहमद खानले बताए । हालसम्म २ वटा संचालनमा आएको र बाँकी ४ वटा स्वास्थ्य संस्थामा कमिक रुपमा संचालनमा ल्याउने योजना रहेको उनले बताए । साथै अध्यक्ष खानले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनको लागि गाउपालिकाले प्रत्यक वडामा एम्बुलेन्स सेवा पनि संचालन गर्ने बताए । हालसम्म २ वटा वडामा एकुलेन्स संचालनमा आएको र बाँकी ४ वडामा सांसद विकास कोषको रकम अल्या गरि खरिद प्रकृया अगाडी बढाएकोले केही महिनामै ६ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुवाट एम्बुलेन्स संचालनमा आउने बताए ।

चोरीपैठारीको लाखौको सामान बरामद

रुपन्देही । जिल्लाको रोहीणी गाउँपालिका १ बगाहा स्थित सेमरपानी ईलाकाबाट एपीएफ टोलीले करीव एक लाख ६२ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । मारतवाट अवैध रुपले मोटरसाईकलमा राखी नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रुपन्देहीवाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद लत्ताकपडा तथा उक्त मोटरसाईकल भन्सार कार्यालय बेलहियामा बुझाएको छ । बरामद मोटरसाईकलको भन्सार दाखिला मुल्य ३४ हजार रुपैयाँ रहेको छ । यसैगरी सशस्त्र प्रहरी बल, नेपाल अस्थायी सुरक्षा वेश भैरभुरवाट खटिएको एपीएफ टोलीले मंसीर १४ गते करीव एक लाख ५७ हजार रुपैयाँ बराबरको चोरीपैठारीको मोवाईलका पार्टस बरामद गरेको छ ।

हत्यामा संलग्न रहेका ७ जना पक्राउ

रौतहट । माधवनारायण नगरपालिका-७ लौकाहा टोल बस्ने राम अयोध्या साह तेलीकी १७ वर्षीया छोरी अमृता कुमारी साहको हत्यामा संलग्न रहेको अभियोगमा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा देवाडी गोनाही नगरपालिका-२ लक्ष्मनीया कुरुनीया बस्ने बस्ने ६० वर्षीय शेख अलियास, ४० वर्षीय वहदल भन्ने ईस्लाम असारी, ३६ वर्षीय शेख ईम्तोज, मृतकका बाबु माधवनारायण नगरपालिका-७ लौकाहा टोल बस्ने ५५ वर्षीय रामअयोध्या साह, मृतककी आमा सिता देवी साह, परोहा नगरपालिका-४ बस्ने ४६ वर्षीय छोटेलाल साह र देवाही गोनाही नगरपालिका-२ लक्ष्मिनिया कुरुनीया बस्ने कैमुल देवान रहेका छन् । आफ्नै माईतीघरमा आमासँग सुतिरहेको अवस्थामा आमा चपी गएको वेलामा ४ ⁄ ५ जनाको समूहमा आएका अपरिचित व्यक्तिहरुले अमृता कुमारीलाई गोली प्रहार गर्दा गत कार्तिक २६ गते उनको घटनास्थलमै मृत्यु भएको थियो । घटनाको अनुसन्धानको क्रममा सोही राती ठाउँ बस्ने ३० वर्षीय युवकसँग मृतकको ३ वर्षदेखि प्रेम सम्बन्ध रहेको भएपनि परिवारको दवावमा २०७६ फागुनमा सर्लाही विष्णु गाउँपालिका-३ मा विवाह भएकोमा उनका पतिवाई छुरा प्रहार गरी ज्यान मार्ने आरुमणा भएपछि अमृता माईती आई बसेको र २०७७ साल असारमा उनीहरुबीच सम्बन्ध विच्छेद भएको थियो । त्यसपछि अमृता र उनको प्रेमी उपर ज्यान मार्ने उद्योगमा मृद्दा दर्ता भएकोमा अमृताका बाबु आमालाई उनको प्रेम सम्बन्ध पनि स्वीकार नरहेको र छोरी पकाउ परे इज्जत समेत जाने र समाजबाट अपहेलित हुनपर्ने डर भएकोले मृतककै बाबु रामअयोध्या साह समेतले भारतमा उपचारको लागि लगेर मार्ने बनाएको योजना असफल भएपछि पुनः अभियुक्त कैमुल देवानलाई १ लाख रुपैयाँ दिई गोली हानी अमृताको हत्या गर्न लगाएको खुल्न आएको छ । उनीहरू उपर रौतहट जिल्ला अदालतवाट ज्यान सम्बन्धी कसुरमा म्याद थप गरी अनुसन्धान भईरहेको २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।

ढल्केवरमा अस्पताल भवनको शिलान्यास

विजयकुमार सिंह, धनुषा । धनुषाको मिथिला नगरपालिकामा १५ शैयया अस्पताल भवनको शिलान्यास गरिएको छ । मिथिला नगरपालिका-६ ढल्केवरस्थित रहेको स्वास्थ्य चौकीमा १५ शैयया अस्पताल भवनको शिलान्यास गरिएको हो । एक स्थानीय तह, एक अस्पताल बनाउने सरकारको योजनाअन्तर्गत सो अस्पताल निर्माण गर्न लागिएको हो । सोमबार मिथिला नगरपालिकाका मेयर हरिनारायण महतो र उपमेयर तारा कुमारी बस्नेतले अस्पताल भवनको शिल्यानास गरेका हुन् । पञ्चवर्षीय योजनामा रहेको सो अस्पताल संघीय सरकारको करिव १८ करोडको लागतमा निर्माण हुन लागेको मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले जानकारी दिए । उनले पहिलो चरणमा यस वर्षका लागि सरकारले ३ करोड २३ लाख रुपैयाँ छुट्याएको बताए । चालु आर्थिक वर्षमा शैयशर २९६ स्थानमा पाँच देखि १५ शैययाको अस्पताल सञ्चालन गर्ने सरकारको योजना छ । सरकारले स्थानीय तहसम्म स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सोमवार एकैसाथ ३९६ स्थानीय तहमा अस्पताल भवन र सातवटै प्रदेशमा सरुवा रोग अस्पताल भवनको शिलान्यास गरेको छ ।

नेपाली पासपोर्टसहित एक जना पक्राउ

रुपन्देही । रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका १ डण्डा स्थित सीमा इलाकाबाट एपीएफ टोलीले २४ बटा नेपाली पासपोर्टसहित एक जनालाई पकाउ गरेको छ । पकाउ पर्नेमा धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका ४ बस्ने २६ वर्षिय चन्दनप्रसाद रौनियार छन् । उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट डण्डाबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनको साथमा युकेनको भिषा लागेको ५ वटा तथा अन्य ९९ वटा नेपाली पासपोर्ट फेला परेपछि पकाउ गरिएको हो । पकाउ परेका निज रौनियारलाई बरामद पासपोर्टसहित आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय बेलहियामा बुझाईएको छ ।

ट्रकले साइकल र स्कुटरलाई ठक्कर दिंदा एकको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-८ स्थित सडकमा ना. ३ ख ५७२८ नम्बरको ट्रकले साइकल र ना. ४ प ७३३३ नम्बरको स्कुटरलाई सोमवार विहान ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ । स्कुटरमा सवार चन्द्रपुर नगरपालिका-८ मोतिपुर बस्ने ५५ वर्षीया देवकी देवी आचार्यको मृत्यु भएको छ । ठक्करवाट गम्भीर घाइते भएकी देवकीको घपुर प्रालि अस्पतालमा उपचारकी क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करवाट घाइते भएका साइकल चालक र स्कुटर चालकको एपोलो मिटी अस्पतालमा उपचार भइरहेको छ । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-८ गुरुङ टोलमा मे.४ प ९२८५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई शनिवार विहान दुर्घटना हुँदा मोटरसाइकलमा सवार तेह्थुम म्यागलुङ नगरपालिका-९ बस्ने ४५ वर्षीय श्याम बहादुर तामाङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको अर्रानको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक उर्लाबारी नगरपालिका-८ सर्वलाल चोक बस्ने ३० वर्षीय उपेन्द्र दनुवारको सोही अस्पतालमा उपचार भइरहेको छ ।

पोखरीमा डुबेर ८० वर्षीय वृद्धको मृत्यु

रौतहट । डाक्नेश्वरी नगरपालिका-५ भुतहीस्थित पोखरीमा डुबेर सोही नगरपालिका-४ बस्ने अन्जाजी ८० वर्षीय शुभलाल रामको मृत्यु भएको छ । उक्त पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा गएगति उनको शव फेला परेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

धान किन्न बोराको अभाव

कैलाली । कैलालीमा सरकारी दरभाउमा खाद्य डिपोमा धान बेच्न पाउँदा किसान खुसी भए पनि बेच्नका लागि सास्ती खेप्नुपरेको दुःखेसो पनि गरेका छन् । टीकापुर नगरपालिका-८, सूर्यपुरका किसान धनसिंह साउदले सरकारले धानको उचित भाउ दिए पनि बोराको अभावले अहिलेसम्म धान बिक्री गर्न नसकेको बताए । ३५ विघा जग्गामा उत्पादन भएको धानमध्ये अहिलेसम्म जम्मा छ ट्राली धान बेचेको बताउँदै साउदले धान बिक्री डिपोबाट बोरा छैन भन्दै फकाएकाले बाँकी धान घरमै राख्न बाध्य भएको सुनाए ।

एक लाख ७० हजारको सामान बरामद

बाँके । जिल्लाको डुडुवा गाउँपालिका ६ कालाबन्जार सीमा ईलाकाबाट मंसीर १७ गते एपीएफ टोलीले करीव एक लाख ७० हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट कालाबन्जारवाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद लत्ताकपडा भन्सार कार्यालय नेपालगंजमा बुझाईएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई ह्वीलचेयर

सप्तरी । सैनिक श्रीमती संघले सप्तरीका १२ जना फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई बिहीबार एक समारोहबीच ह्विल चेयरसहित विभिन्न सामग्री प्रदान गरेको छ । सामाजिक अभियन्ता सुनिता कुमारी साहले २९औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजना गरेको सो कार्यक्रममा १०५ वर्षका बुद्धदेखि पाँच वर्षसम्मका अपाङ्गहरूलाई ह्विल चेयर वितरण गरेको छ । संघले एक एक थान मन्डी, विस्कुट एक दर्जन, जुस र अभियन्ता डा. शरदसिंह यादवले एक एक थान थप कम्बल वितरण गरेका छन् ।

जिल्लाको बनौलाका ८ वर्षीय आरुण चौधरी, चलहीका ७ वर्षीय मो. शाहिद, विसनपुरका ५ वर्षीया अनिता मण्डल, कट्टीका ४५ वर्षीय नरेन्द्र महतो, खडका १० वर्षीय दुखीलाल चौधरी, पौवाका ६ वर्षीया ज्योतिकुमारी मण्डल, बोदेसांहनका ९ वर्षीय रामअवतार मण्डल, बनौलाका १०५ वर्षीय कलरु चौधरी, कट्टीका १४ वर्षीय गजेन्द्र मेहता, डाक्नेश्वरीका १३ वर्षीया मर्जिना खातुन, डाक्नेश्वरीकै १३ वर्षीय शिवशंकर खुंग र जनडीलका ३७ वर्षीया पविताकुमारी चौधरीलाई ह्विल चेयरसहित सामग्री प्रदान गरिएको छ । सैनिक श्रीमती संघका सदस्य सुँपिया थापाले ह्विल चेयरसहित राहत सामग्री वितरण गर्दै शारीरिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुको जनजीवनमा सहजता ल्याउन टेवा पुर्‍याउने कार्य गरेको बताइन् ।

प्रधानमन्त्री ओलीको मोदीलाई सन्देश : 'सीमा समस्या वार्ताबाट समाधान गरौं'

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी भारतसँगको बहुआयामिक सम्बन्धलाई अझ उचाइमा पुर्‍याउँदै सीमालगायत सबै द्विपक्षीय समस्याका विषय वार्ताका माध्यमबाट समाधान गर्न नेपाल तत्पर रहेको सन्देश भारतीय पक्षलाई दिएका छन् ।

आफूसँग प्रधानमन्त्री निवास बालुवाटारमा शिष्टाचार भेटका लागि आउनुभएका भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृङ्लासँगको कुराकानीमा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई उक्त सन्देश पुर्‍याइदिन आग्रह गरे ।

भेटको शुरुमै सचिव श्रृङ्लाले आफ्ना प्रधानमन्त्री मोदीको दुई देशबीचको आपसी सम्बन्धलाई 'रायो' बनाएर अगाडि लैजान चाहेको सन्देश प्रधानमन्त्रीलाई सुनाउनुभएको प्रधानमन्त्री ओलीका विदेश मामिला सल्लाहकार डा राजन भट्टराईले रासस्लाई जानकारी दिए ।

दुवै देशका प्रधानमन्त्रिस्तरका सकारात्मक सन्देश आदानप्रदानले सीमा विवादलगायत विषयमा आगामी दिनमा वार्ता र छलफल तथा आपसी उच्चस्तरीय भ्रमणको आदानप्रदान हुने वातावरण सिर्जना भएको छ ।

सल्लाहकार डा भट्टराईका अनुसार भेटमा प्रधानमन्त्री ओलीले भनेका थिए, 'हामी दुई देशबीचको आपसी र बहुआयामिक सम्बन्धलाई एक्काइसौं शताब्दीअनुकूल तथा युगसुहाउँदो हिसाबले थप गतिशील र सुमधुर बनाउन चाहन्छौं। सीमालगायत विवादित विषयमा वार्ता का माध्यमबाट शान्तिपूर्ण रुपमा समस्याको समाधान गर्नुपर्छ भन्नेमा हामी स्पष्ट छौं । हाम्रा बीचका सीमा विवाद अहिले एकाएक सिर्जना भएका हौं इनन् । इतिहासले विरासतका रुपमा छाडेका समस्या हुन् । यसलाई थाँती राखेर जाँदा झन् समस्या आउन सक्छ, त्यसैले मिलेर समाधान गरौं । यो सन्देश भारतीय प्रधानमन्त्री मोदीलाई लगिदिन म आग्रह गर्दछु ।'

भारतको गत स्वतन्त्रता दिवसका अवसरमा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई टेलिफोन गरी शुभकामना दिएका थिएसोही वार्ताका क्रममा भारतीय प्रधानमन्त्री मोदीले आफूले नेपालमा विशेष दूत पठाउने जनाएका थिए ।

प्रधानमन्त्री ओलीले सचिव हर्षवर्द्धनसँगको भेटमा आपसी विवादका विषय समाधान भएपछि सम्बन्धमा नयाँ उचाइ प्राप्त हुने विश्वास व्यक्त गर्दै नेपालको भूभाग कुनै पनि छिमेकीको हितविरुद्ध प्रयोग हुन नदिनेमा नेपाल स्पष्ट रहेको अवगत गराए। नेपाल तटस्थ रही कसैको पनि 'काई' का रुपमा प्रयोग नहुने उनले जनाएका थिए ।

भारतले नेपाली भूमि लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई आफ्नो नयाँ राजनीतिक नक्शामा समावेश गरेपछि नेपालले आपत्ति जनाउँदै आफ्नो भूमिलाई समेटेर नयाँ नक्शा जारी गरी त्यसलाई संङ्गीय संसद्बाट पारित गरेर संविधानको अनुसूचीमा समावेश गरेको थियो । त्यसपछि दुई देशबीच औपचारिक वार्ता नभएका स्थितिमा पछिल्ला समयमा भारतीय पक्षबाट नेपालका केही विभिन्न भ्रमण र भेटवार्ताले वातावरण थप सहज हुँदै गएको छ ।

सचिव श्रृङ्लाभन्दा अघि गत महिना भारतीय प्रधानमन्त्री मोदीका विशेष दूतका रुपमा गुप्तचर संस्थाका पूर्वमुख सामन्तकुमार गोयल र भारतीय स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरवणेले नेपाल भ्रमण गरेका थिए । नेपालको उक्त भनाइमा भारतीय सचिव श्रृङ्गाको जवाफ के थियो भन्ने प्रश्नमा सल्लाहकार डा भट्टराईले सचिव हर्षवर्द्धनले परराष्ट्र सचिवस्तरीय वार्तामा दुई देशबीचका सहकार्य र आपसी सबै विषयमा छलफल भएको अवगत गराउनुभएको जानकारी दिनुभयो ।

सचिव श्रृङ्गालाई दुई देशबीचको सम्बन्धलाई थप सकारात्मक बनाउँदै परिणामूलक बनाउन पहल गर्ने विश्वास दिलाएका थिए ।

नेपालको बिजुली किन्न भारत तयार

काठमाडौं । नेपालमा उत्पादित बिजुली किन्न भारत सकारात्मक देखिएको छ । नेपाल र भारतका ऊर्जा मन्त्रालयसँग सरोकार राख्ने निकायबीच भएको भर्चुअल छलफलमा भारतीय पक्षले नेपालमा बढी भएको बिजुली खरिद गर्न इच्छुक भएको बताए ।

नेपाल विद्युत् प्राधिकरणका निमित्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले दुइपक्षीय छलफलमा भारतीय अधिकारी नेपालमा खपत भएर बचत भएको बिजुली खरिद गर्न इच्छुक भएको बताए । 'नेपालमा उत्पादित बिजुली खरिद गर्न भारतीय पक्ष इच्छुक भएको जानकारी गराए,' उनले भने, 'हामीले भारतीय पक्षलाई बिजुली खरिदका लागि प्रस्ताव पठाउन अनुरोध गरेका छौं ।'

निमित्त कार्यकारी निर्देशक शाक्यले भारतीय पक्षलाई बिजुली खरिदको प्रस्ताव तथा आवश्यक तयारी गर्न कम्तीमा तीन महिना समय मागेको बताउँछन् । 'विद्युत् खरिदको लागि आवश्यक प्रस्ताव पठाउन भारतीय पक्षलाई अनुरोध गर्‍यौं। उहाँहरू निकै सकारात्मक देखिइका छन्, उनले भने, 'भारतीय प्रस्ताव आएसँगै आवश्यक छलफल गरेर बिक्री मूल्य तय गर्नेछौं ।'

निमित्त कार्यकारी निर्देशक शाक्यले नेपालको बिजुली कुन दरेटमा बिक्री गर्ने भन्ने ढाँचा अहिलेसम्म टुंगो नलागेको बताए । भर्चुअल बैठकमा भारतीय विद्युत् व्यापार निगम लिमिटेड (एनभिभिएन) का कार्यकारी निर्देशक डा राजीव मिश्र लगायतले सहभागिता जनाएका थिए । निमित्त कार्यकारी निर्देशक शाक्यले दुवै पक्षबीच सहज वातावरण भएको खण्डमा आगामी जेठदेखि भारतमा बिजुली निर्यात गर्न सकिने बताए। 'दुवै पक्षबीच बिजुली खरिद-बिक्रीको टुंगो लागेको खण्डमा आगामी जेठदेखि बिजुली निर्यात गर्न सक्नेछौं,' उनले भने, 'भारतले पठाएको प्रस्ताव मन्त्रिपरिषदबाट स्वीकृत भएपछि मात्रै बेचबिखनको बाटो खुल्नेछ ।'

शाक्यले नेपालको बिजुली आधिकारिक रूपमा बिक्री नभए पनि बैचोपैचो गर्दै आइरहेको बताए । पाधिकरणले ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएसँगै नेपालमा उत्पादित बिजुली बचत हुने जनाएको छ । कोभिडले रोकिएका झण्डै एक हजार मेगावाट क्षमताका आयोजनाको बिजुली चालु आवधिभित्रै राष्ट्रिय गिडमा जोडिने प्रक्षेपण गरिएको छ ।

ऊर्जा सचिवस्तरीय बैठक १५ मंसिरमा हुने

काठमाडौं । नेपाल–भारत ऊर्जा सचिवस्तरीय बैठक आउँदो २५ र २६ मंसिरमा हुने भएको छ । बैठकमा इनर्जी बैंकिङ र अन्तर्देशीय उच्च भोल्टेज प्रसारण लाइनको अध्ययन प्रतिवेदन अद्यावधिक गर्ने विषयमा छलफल गरिनेछ । नेपाल भारतबीच यो आठौं ऊर्जा सचिवस्तरीय बैठक हो । सो बैठकले विगतका बैठकमा ऊर्जासम्बन्धी दुई देशबीच भएको सहमति कार्यान्वयनको विषयमा जोड दिनेछ । कोरोनाका कारण सो बैठक भर्चुअल माध्यमबाट हुन लागेको छ । नेपाल र भारतबीचको संवादहीनता अन्त्य भएसँगै नेपालको प्रस्तावमा भर्चुअल बैठक हुन लागेको हो । साती बैठकमा भएका एजेन्डा कार्यान्वयनका विषयमा अहिले हुन लागेको आठौं बैठकमा छलफल हुनेछ । साती बैठक भारतको बैंग्लोरमा भएको थियो । सातौं बैठकमा नेपाल, बंगलादेश र भारतको त्रिपक्षीय बैठक बसेर नेपालको बिजुली भारत निर्यात गर्ने एजेन्डा रहेको थियो । त्यस्तै टनकपुरबाट भारतले दिँदै आएको बिजुलीको विषयमा पनि बैठकको एजेन्डा रहेको छ । भारतले टनकपुरबाट दिँदै आएको ७ करोड युनिट बिजुली निशुल्क दिँदा नेपालले धेरै प्रयोग गरेको भन्दै वर्षौं भएको बिजुलीको हिसाबको विषयमा भारतीय पक्षले चासो देखाएको छ । भारतले आठौं बैठकमा टनकपुरबाट दिएको ७ करोड युनिट बिजुलीबाहेकको बिजुलीमा आफूहरूले छुट्टै हिसाब राख्न पाउनुपर्ने माग राख्न सक्नेछन् ।

परराष्ट्रमन्त्रीस्तरीय वार्ता हुने

काठमाडौं । नेपाल भ्रमणमा रहेका भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगलाले परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीलाई डिसेम्बरको दोस्रो साता भारतमा हुने परराष्ट्र मन्त्री स्तरीय बैठकको निम्तो दिएका छन् । बैठकको मिति यकिन नभए पनि डिसेम्बरको दोस्रो साता बैठक गर्ने विषयमा दुवै पक्षको चिचमा कुराकानी भइरहेको छ । मन्त्री ज्ञवालीसँगको शिष्टाचार भेटमा भारतीय विदेश सचिवले बैठकका लागि निम्तो दिएका हुन । अब केही दिनमा नै यकिन मिति तय हुने अधिकारीहरुले जानकारी दिएका छन् । समग्र द्विपक्षीय विषयहरुमा बुँदागत छलफल गरेर देखिएका समस्या समाधान गर्ने र अन्य द्विपक्षीय संयन्त्रलाई आवश्यक निर्देशन दिने म्यान्डेट सो आयोगलाई छ । सो आयोगको बैठक २३ वर्षपछि सन् २०१४ मा बसेको थियो जसले कालापानी र सुस्तालगायतका विवाद समाधानका लागि गृहकार्य गर्न परराष्ट्र सचिवलाई निर्देशन दिएको थियो । त्यसपछि सन् २०१६ र २०१८ मा सो आयोगको बैठक बसेको थियो । सो बैठक दुवै देशले पालैपालो गर्ने परम्परा छ । यसैबिच परराष्ट्र मन्त्रालयले एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै दुई देशको चिचमा व्यापार, पारवहन, कनेक्टिभिटी, पूर्वाधार निर्माण लगायतका विषयमा कुराकानी भएको जनाएको छ ।

नेपालले भारत र चीन दुवै देशसँग फाईदा लिनुपर्छ : डा. महत

काठमाडौं । नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले नेपालले भारत र चीन दुवै देशसँग सुमधुर सम्बन्ध राख्नुपर्नेमा जोड दिएका छन् । नेपालले आफ्नो हितलाई ध्यानमा राखेर भारत र चीनसँगको सम्बन्ध सुदृढ गर्नुपर्ने उनको भनाई छ ।

मंगलवार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता महतले भने,'चीनको विरोध, भारतको समर्थन, चीनको समर्थन र भारतको विरोध भन्ने कुरा सुनिएपनि नेपालले आफ्नो राष्ट्रिय हितको लागि दुवै देशसँग समुधुर सम्बन्ध राख्नुपर्छ ।' उनले नेपालले भौगोलिक अखण्डता र आफ्नो सार्वभौमिकतालाई सन्तुलनमा राख्दै सुमधुर सम्बन्ध राख्नुपर्ने बताए ।

त्यस्तै, चीनसँग पनि नेपालको सीमा विवाद रहेको उनले उल्लेख गरे । महतले भने,'हुलामा पहिलेका खम्बाहरु, पिल्लर साहिएका छन् भन्ने यता र उता चर्चामा आएका छन् । यसबारेमा निष्पक्ष ढंगले विज्ञहरु बसेर हेर्नुपर्छ ।' भारतसँगको सिमाना पनि टुंगो लगाउनुपर्नेमा उनले जोड दिए । महतले नेपाल र भारतबीच जे/जति विवादका विषयहरु छन् सबै हल गर्नुपर्नेमा जोड दिए ।

उनले चीनसँग सम्बन्ध बनायो भने भारतको मूल्यमा चीनसँग, चीनको मूल्यमा भारतसँग भन्ने त्यो हुन नहुने बताए । 'दुवैसँग सन्तुलित र राम्रो सम्बन्ध हुनुपर्छ,' उनले जोड दिए । उनले भारत र चीनको सम्बन्ध सुधार गर्न पनि नेपालले पनि भूमिका खेल्न सक्ने बताएए । महतले थपे,'भारत र चीनबीच आर्थिक सम्बन्धको लागि नेपालले प्रभावकारी भूमिका खेल्न सक्छ, व्यापार सम्बन्ध बढाउनको लागि नेपालले एउटा बिजको रुपमा अघि बढाउन सकिन्छ । भविष्यमा पनि दुई देशबीचको सम्बन्ध, अझै सुदृढ हुनुपर्छ । नेपालको परराष्ट्र नीति पनि त्यही ढंगले अघि बढाउनुपर्छ ।'

बैठकको गृहकार्य भइरहेको छ : भारत

काठमाडौं । नेपाल र भारतका परराष्ट्रमन्त्रीस्तरीय बैठकको तयारी भइरहेको भारतले जनाएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले दुई देशका परराष्ट्रमन्त्रीस्तरीय बैठकको तयारी भएरहेको र बैठक छिट्टै हुने बताएका छन् । नेपालका परराष्ट्रमन्त्रीको भ्रमणको बारेमा सोधिएको प्रश्नमा नयाँ दिल्लीमा आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता श्रीवास्तवले भने,'दुई देशका परराष्ट्रमन्त्रीस्तरीय बैठक छिट्टै बस्ने र त्यसको गृहकार्य भइरहेको छ ।' नेपालका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको भारत भ्रमणको मिति तय हुने क्रममै बैठकको मिति पनि टुंगो लगाउने गरी गृहकार्य भइरहेको उनले जानकारी दिए । 'हाम्रो सचिवले हालै गरेको नेपाल भ्रमणको समयमा नेपालका परराष्ट्रमन्त्रीलाई संयुक्त आयोगको बैठकमा सहभागी हुन निमन्त्रणा दिनुभएको छ । अहिले मिति तय गर्ने गृहकार्य भइरहेको छ,' प्रवक्ता श्रीवास्तवले भने । यता मन्त्री ज्ञवालीको डिसेम्बरको दोस्रो साता भारत भ्रमण गर्ने गृहकार्य भइरहेको नेपाली अधिकारीहरुले बताएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो दूतका रुपमा ज्ञवालीलाई भारत पठाउन लागेका हुन । उनको भ्रमणको मुख्य उद्देश्य नेपाल-भारतबीचको संवादहिनतालाई निरन्तरता र विद्यमान विवादलाई संवादबाट सहमतीमा लैजाने हुनेछ । यस्तै भारत भ्रमणका क्रममा मन्त्री ज्ञवालीले प्रबुद्ध व्यक्ति समूह (इपीजी) ले तयार पारेको प्रतिवेदनका विषयमा समेत कुरा पनि उठाउने नेपाली अधिकारीहरुको भनाइ छ । मन्त्री ज्ञवालीले भारत भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति, प्रधानमन्त्री, विदेश मामिला मन्त्री लगायतका उच्च तहका नेताहरुसँग भेटवार्ता गर्नेछन् । प्रवक्ता श्रीवास्तवले चिनियाँ स्टेट काउन्सिलर तथा रक्षामन्त्री वेई फेङको नेपाल भ्रमण द्विपक्षीय मामिला भएको पनि स्पष्ट पारे । पत्रकार सम्मेलनमा पत्रकारहरुले चिनियाँ रक्षा मन्त्री फेङको नेपाल र पाकिस्तान भ्रमणको बारेमा भारतीय सरकारको धारणा मागेका थिए । 'भ्रमणको विषयमा म कुनै टिप्पणी गर्न चाहान्नँ । यो द्विपक्षीय विषय हो,' मन्त्रालयका प्रवक्ता अनुरा श्रीवास्तवले भने ।

परराष्ट्रमन्त्री भारत जाने

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पुसको पहिलो साता भारत भ्रमण गर्ने भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो दूतका रुपमा ज्ञवालीलाई भारत पठाउन लागेका हुन । त्यसो त भखैरै नेपाल भ्रमणमा आएका भारतीय विदेशसचिव हर्षवर्धन श्रृंगलाले मन्त्री ज्ञवालीलाई भारतका विदेश मामिला मन्त्री एस जयशंकरले पठाएको भारत भ्रमणको औपचारिक निमन्त्रणा दिएका थिए । मन्त्री ज्ञवालीले भारत भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति, प्रधानमन्त्री, विदेश मामिला मन्त्री लगायतका उच्च तहका नेताहरुसँग भेटवार्ता गर्नेछन् । उनको भ्रमणको मुख्य उद्देश्य नेपाल-भारतबीचको संवाद हिनतालाई निरन्तरता र विद्यमान विवादलाई संवादबाट सहमतीमा लैजाने हुनेछ ।

कोरोनाबाट मृतक सय नजिक

नेपालगञ्ज । बाँकेमा थप तीन जना कोरोना संक्रमितको मृत्यु भएको छ । डाडको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ११ का ४५ वर्षीय पुरुषको बिहीबार राति ९ बजे मेरी अस्पतालमा मृत्यु भएको छ । त्यस्तै डाडको तुलसीपुरकै वडा नम्बर ५ का ८१ वर्षीय पुरुषको पनि । मृत्यु भएको जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र बाँकेले जनाएको छ । त्यस्तै डाडका २६ वर्षीय युवकको पनि कोरोनाबाट मृत्यु भएको छ । तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १६ का २६ वर्षीय पुरुषको मेरी अस्पताल नेपालगञ्जमा उपचारका क्रममा मृत्यु भएको जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र बाँकेले जनाएको छ । बाँकेमा हालसम्म कोरोना संक्रमणका कारण ९७ जनाको मृत्यु भएको छ । बाँकेमा उपचाररत जिल्ला बाहिरका ५८ जना र बाँकेका ३९ जनाले कोरोना संक्रमणका कारण ज्यान गुमाएका छन् ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**. कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६९४२, ५७०६९४१, फ्याक्स : ०१-५७०६९४९, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं